# स्थानीय राजपत्र

कालिगण्डकी गाउँपालिकाद्वारा प्रकाशित

वर्षः ८ अंकः १९ २०८१।१०।१४

# भाग ३

कालिगण्डकी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यलय

पूर्तिघाट,गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

# कालिगण्डकी गाउँपालिकाको

## स्थानीय पुर्वाधार आयोजना संचालन तथा व्यवस्थापन निर्देशिका, २०८१

स्वीकृत मितिः २०८१।०७।२२ गते आइतबार

प्रमाणित मितिः २०८२।०७।२३ गते सोमबार

# स्थानीय पूर्वाधार आयोजना संचालन तथा व्यवस्थापन निर्देशिका, २०८१

**प्रस्तावना**

कालिगण्डकी गाउँपालिकाको स्थानीय पूर्वाधार विकासलाई व्यवस्थित, दिगो तथा जलवायु मैत्री बनाउनुका साथै स्थानीय जोखिममा परेका महिला, दलित, जनजाति, पिछडिएका वर्ग तथा गरिव समुदायलाई स्थानीय स्तरमा श्रममा आधारित रोजगारी सृजना गरि सामाजिक संरक्षणको प्रर्वद्धन गर्न तथा उनीहरुको सीप विकास गरि दिगो जिवनयापनमा सुधार ल्याउने विषयमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोलेस्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ उप दफा २ (छ) तथा प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम  गाउँपालिका गाउँकार्यपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम**"स्थानीय पूर्वाधार आयोजना संचालन** तथा व्यवस्थापन **निर्देशिका २०८१"** रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुने छ**।**

२ **परिभाषाः :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।
(ख) "गाउँपालिका" भन्नाले कालिगण्डकी गाउँपालिकालाई सम्झनु पर्छ ।
(ग) " निर्देशिका" भन्नाले स्थानीय पूर्वाधार आयोजना संचालन निर्देशिका, २०८१  सम्झनु पर्छ ।
(घ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष  सम्झनु पर्छ ।
(ङ) "उपाध्यक्ष " भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।
(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
(च) "कार्यपालिका" भन्नाले गाउँकार्यपालिका सम्झनु पर्छ ।
(छ) "पदाधिकारी" भन्नाले कार्य पालिकाको अध्यक्ष, उपाध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ ।
(ज) "वडा" भन्नाले को वडा सम्झनु पर्छ ।
(झ) "वडा अध्यक्ष" भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।
(ञ) "वडा समिति" भन्नाले वडामा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गठित वडा समिति सम्झनु पर्छ ।
(ट) "आयोजना" भन्नाले यस स्थानीय तहको योजना तर्जुमा प्रकृयाबाट प्राथमिकिकरण तथाछनौट भएका स्थानीय पूर्वाधार विकास आयोजनालाई सम्झनु पर्छ ।

(ठ) “लक्षित वर्ग” भन्नाले स्थानीय रुपमा बसोबास गरी रहेका घरपरिवार मध्ये सरकारी, गैर सरकारी, निज व्यापार व्यवसायमा संलग्न नभएका वेरोजगार वा विपन्न घरधुरीहरुबाट श्रम गर्न सक्ने उमेरको कम्तिमा एक जना सदस्यलाई सम्झनु पर्छ । जसको छनौट परिच्छेद ५ को दफा नं १ बमोजिम छनौट गरिएका बमोजिम भएको हुनेछ ।

(ढ) “विकास साझेदार” भन्नाले आयोजना संचालनमा गाउँपालिकासँग नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने विकास साझेदार, दातृ निकाय, तथा नीजि क्षेत्र आदिलाई सम्झनु पर्छ ।

(ण) “उपभोक्ता समिति” भन्नाले गाउँपालिका गाउँपालिका भित्र संञ्चालन भएका आयोजना कार्यान्वयन गर्न स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०८१ र यस निर्देशिका बमोजिम गठन भएको उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

(त) “खरिद समिति” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम गठन भएको खरिद समितिलाई सम्झनु पर्छ उक्त समितिले सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम आयोजना संचालनका लागि सामाग्री खरिद गर्नु पर्छ ।

(थ) “अनुगमन समिति” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम गठन भएको अनुगमन तथा मूल्यांकन समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद - २
## आयोजना छनौट तथा प्राथमिकिकरण

**३. आयोजना छनौटको आधार तथा मापदण्ड:** (१) यस निर्देशिकाका निम्न सिमा निर्धारण गरिएको छ ।

(क) आयोजनाको छनौट गर्दा हरित, जलवायु उत्थानशिल, समावेशी विकास, श्रममा आधारित तथा रोजगारी सृजना गर्ने हुनुपर्नेछ , यस्ता योजना स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम छनौट गरेको हुनुपर्दछ ।

(ख) आयोजनाको दीगो तथा प्रभावकारी व्यवस्थापनका लागि स्थानीय निर्माण सामाग्रीको अधिकतम प्रयोग तथा परिचालन गर्नु पर्नेछ ।

(ग) आयोजना छनौट गर्दा जलवायु परिवर्तन संकटासन्न क्षेत्रका बासिन्दा तथा समुदायलाई जोखिमको प्रभाव कम गर्न मद्दत पुऱ्याउने हुनु पर्नेछ,

(घ) उत्पादनमूलक तथा समुदायको जीविकोपार्जनसँग सम्बन्धित आयोजनालाई बढी प्राथमिकता दिनु पर्नेछ,

(ङ) आयोजना कार्यान्वयन गर्दा वातावरणिय तथा सामाजिक प्रभाव मूल्याङ्कन गरि अनुकूलनका योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ,

(च) बहुउद्देश्यिय, कम लागत तथा बढि लाभ तथा रोजगारी सृर्जना गर्ने आयोजनालाई प्राथमिकता दिनु पर्नेछ ।

**४. बस्ती स्तरबाट आयोजनाको माग :** (१) समुदायमा रहेका अधिकांश महिला, दलित, अपांगता भएका व्यक्ति, जनजाति, र पिछडिएको समुदायका गरिव घरपरिवारलाई अल्पकालिन तथा दिर्घकालिन रोजगारी सृर्जना गर्नका लागि वस्ती स्तरमा श्रममा आधारित उत्पादनमूलक आयोजनाहरुको माग तथा छनौटका लागि वडा स्तरीय आयोजना छनौट समितिले ३ दिन अगावै व्यापकरुपमा सूचना संम्प्रेशण तथा अभिमूखिकरण स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ मा व्यवस्था भए बमोजिम गर्नुपर्नेछ । साथै वडा समितिले वडामा कार्यरत सामाजिक परिचालक/कर्मचारीहरु, वडा सदस्यहरुका साथै बस्ती स्तरमा गठन भएका महिला समुह, वन समुह, यूवा क्लब, बाल क्लब, सहकारी संस्थाहरुको परिचालन गरि बस्तीस्तरबाट प्रभावकारी तथा सहभागितात्मक आयोजना तर्जुमा गरि आयोजनाको माग तथा उक्त आयोजना कार्यान्वयन गर्दा पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभाव, आयोजनाको दिगोपनाको प्रक्रिया, आयोजनाबाट लाभान्वित हुने व्यक्ति तथा समुदाय र आयोजनाको औचित्य माथि गहन छलफल गरि बस्ती स्तरीय आयोजनाको तर्जुमा गरि अनुमोदनका लागि बस्ती

स्तरीय आयोजना तर्जुमा समितिले वडा कार्यालयमा पेश गर्नुपर्नेछ । बस्ती स्तरमा आयोजनाको तर्जुमा गर्दा निम्न प्रकारका आयोजना छनौटमा प्राथमिकता दिनु पर्नेछ ।

(क) आयोजना श्रममा आधारित तथा रोजगारी सृर्जना गर्ने हुनुपर्नेछ,

(ख) समुदायमा आधारित उत्पादन वृद्धि गर्ने तथा रोजगारीमूलक स्थानीय पूर्वाधार विकासका आयोजना जस्तैः सडक, लिंक रोड, पर्यटकिय पदमार्ग, कल्भर्ट, पुलपुलेसा, सिचाई, पोखरी, बहु उद्देशियय जलश्रोत व्यवस्थापन प्रणाली , भण्डारण घर,शित घर, सामुदायिक सेवा केन्द्र, नर्सरी विकास, आदि,

(ग) जलवायु संकटासन्न समुदायको समुत्थान तथा रोजगारीका लागि बाढी पहिरो नियन्त्रण, भू-क्षय रोकथाम, जलाधार व्यवस्थापन, वातावरण संरक्षण तथा जैविक विविधता सँग सम्बन्धित आयोजनाहरु आदि,

(घ) जलवायु संकटासन्न समुदायका लागि श्रममा आधारित उत्पादन वृद्धि गर्ने आयोजनाहरु तरकारी खेती, जडिबुटी उत्पादन, फलफूल उत्पादन तथा प्रशोधन, स्थानीय उत्पादनको संकलन र बिक्री वितरण तथा साना तथा घरेलु उद्यम आदि)

**५. वडा स्तरमा आयोजनाको तर्जुमा, छनौट, प्राथमिकिकरण तथा सिफारिसः** (१) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ मा व्यवस्था भए बमोजिम वडा समितिले स्रोत अनुमान तथा बजेट निर्धारण समितिबाट प्राप्त बजेट सिमा तथा मार्गदर्शनको आधारमा वडाले बस्ती तथा टोलबाट प्राप्त भएका आयोजनाहरुलाई प्राप्त बजेटको सिमाको अधिनमा रहि आयोजनाहरुको छनौट, तर्जुमा र प्राथमिकिकरण गरे बमोजिमको ढाँचामा वडा स्तरीय बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नेछ । आयोजनाको प्राथमिकिकरणका लागि वडास्तरमा दिग्दर्शनको अनुसुचि ११ मा दिइए वमोजिमको अकंभार सहितको आयोजना प्राथमिकिकरण विधिको अनिवार्य प्रयोग गर्नुपर्नेछ । यसरी पेश भएका आयोजनाहरुलाई उक्त समितिले प्राप्त बजेट तथा मार्गदर्शनका आधारमा प्राथमिकिरण गर्नेछ । यसका अलवा, बस्ती तथा वडाको हितका महत्वपूर्ण आयोजनाहरु छुट भएको खण्डमा उक्त समितिले बजेटको सिमा, मार्गदर्शन र औचित्यका आधारमा थप गर्न सक्नेछ । बस्ती तथा वडाका महत्वपूर्ण आयोजनाहरु वडामा प्राप्त बजेट सिलिङबाट गर्न नसकिने भएको खण्डमा गाउँपालिका, प्रदेश तथा संघका साथै दातृ निकायमा कार्यान्वयनका लागि सिफारिस गरि आयोजनाको तर्जुमा, तथा प्राथमिकिकरण गर्न सकिनेछ ।

**६.गाउँ/गाउँपालिका स्तरमा बजेट तथा आयोजनाको तर्जुमाः** (१) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ मा व्यवस्था भए बमोजिमको समितिले गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रमको तय तथा प्राथमिकिकरण श्रोत तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको आयको प्रक्षेपण, वितरणको खाका, र बजेटको सिमा भित्र रहि गर्नेछ । यसरी प्राथमिकिकरण गरेको आयोजनाहरु निम्न प्रकारका हुनेछन् :

क. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,

ख. उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

ग. स्थानीय समुदायको जीवनस्तर सुधार गर्ने, आम्दानी वृद्धि हुने तथा रोजगारी सृजना हुने,

घ. समुदायको अधिकतम सहभागिता, कम लागत लाग्ने तथा बढि लाभ दिने,

ङ. आयोजना संचानल गर्दा अधिकतम स्थानीय श्रोत साधानको प्रयोग गर्न सकिने,

च. जलवायु संकटासन्न समुदायका महिला, बालवालिका, दलित, जनजाति, पिछडिएको समुदायका व्यक्तिहरुलाई प्रत्यक्ष लाभ दिने तथा लैंगिक समानता तथा सामाजिक समावेशिकरण अभिवृद्धि हुने,

छ. दिगो तथा वातावरण संरक्षण र संकटासन्न समुदायको समुत्थान गर्न सघाउ पुऱ्याउने, र

ज. स्थानीय स्तरमा आवश्यकता महशुस भएको श्रम केन्द्रित अन्य आयोजनाहरु ।

## परिच्छेद - ३

# आयोजनाको कार्यान्वयन

**७. आयोजनाको संभाव्यता अध्ययनः** (१) गाउँपालिकाले आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रम वा आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न, अधिकतम लक्षित वर्गको सहभागिता गराउनुका साथै सामाजिक, प्राविधिक आर्थिक तथा वातावरणिय पक्षलाई संतुलन राखी दिगो विकासका लागि पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखालेसंभाव्यता अध्ययन गर्दा देहायवमोजिम गर्नुपर्नेछ ॥

(२) गाउँ/गाउँपालिकाको संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०८१ तथा यसमा निहित वातावरणीय तथा सामाजिक जोखिम प्रभाव मुल्याङ्कन प्रश्नावली वमोजिम प्रत्येक आयोजनाको प्राविधिक, आर्थिक वातावरणीय तथा सामाजिक प्रभाव संभाव्यता अध्ययन गर्दा देहाय वमोजिम हुनुपर्नेछ ।

क. आयोजना श्रममा आधारित तथा स्थानीय लक्षित समुदायका रोजगारी र जीविकोपार्जनमा टेवा पुऱ्याउने हुनुपर्ने ,
ख. आयोजना प्राविधिक तथा आर्थिक दृष्टिकोणमा उपयुक्त छ वा छैन ? यदि आयोजनाका लागि विनियोजित रकम प्रयाप्त छैन भने अन्य वैकल्पिक श्रोतहरु केहि छन् कि ?
ग. आयोजना संचालन गर्दा सामाजिक तथा आर्थिक पक्षमा पार्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभाव के के छन्? यदि नकारात्मक प्रभावहरु भएमा सो को संतुलन कायम राख्नका लागि अपनाईने उपायहरु के हुन सक्छन?
घ. आयोजना संचालन गर्दा पर्न सक्ने वातावरणिय तथा जैविक प्रभावहरु के के हन सक्छन? यदि नकारात्मक प्रभावहरु भए सो को अनकलन तथा न्यनीकरणका उपायहरु के के हन सक्छन?
ङ. आयोजना संचालनका लागि आवश्यक पर्ने स्थानीय निर्माण सामाग्री तथा स्रोत साधानहरुको उपलब्धताको अवस्था के कस्तो छ ?
च. आयोजनाको लागि चाहिने बाह्य निर्माण सामाग्रीहरुको खरिद तथा ढुवानीको प्रवन्ध गर्न सकिन्छ वा सकिदैन ?
छ. आयोजना कार्यान्वयन गर्दा संकटासन्न समुदायका व्यक्ति, लिङ्ग तथा जातजातिहरु लाभान्वित हुन्छन कि हुदैनन? यदि हुदैनन भने उनीहरुको सहभागिता कसरी गर्न सकिन्छ?
ज. आयोजना कार्यान्वयन पश्चात जनस्तरमा जीविकोपार्जनमा अधिकतम सहयोग पुग्छ कि पुग्दैन?
झ. आयोजनाको दीगोपनका लागि स्थानीय स्तरमा कस्तो प्रतिवद्धता छ?

(२) उपदफा (२) बमोजिम संभाव्यता अध्ययन गर्दा आयोजना स्थलको प्रत्यक्ष अवलोकलन गरि वस्तु स्थितिको यर्थात चित्रण प्राविधिक कर्मचारीबाट गर्नुपर्ने छ , साथै उल्लेखित विषय तथा बुँदाहरु उपर समुदायमा रहेका लक्षित वर्गसँग समेत व्यापक विश्लेषण गरि उपयुक्त ठहर भएमा, आयोजना संभाव्यता प्रतिवेदन सहित कार्यान्वयन प्रक्रियाका लागि सिफारिस गाउँपालिका स्थित योजना शाखाबाट गरिनु पर्नेछ । संभाव्यता अध्ययन प्रतिवेदनको स्वीकृत प्रमुख प्रशासकिय अधिकृतले गर्नुपर्नेछ ।

**८. खरिद विधि** : (१) स्थानिय तहहरुले गर्नु पर्ने सम्पूर्ण खरिद विधि छनौट तथा कार्यान्वयन प्रकृया सार्वजनिक खरिद ऐन, २०६३ र नियामवली, २०६४ बमोजिम हुनेछ र सोही बमोजिम खरिद विधि छनौटका लागि यस निर्देशिकामा भएको चेकलिष्ट (अनुसुची ५) प्रयोग गर्नुपर्नेछ । चेकलिष्टको तयार आयोजनाको लागत अनुमान तथा प्रकृति हेरी सम्बन्धित आयोजना हेर्ने प्राविधिकले तयार गर्ने, स्थानीय तहका प्राबिधिक शाखा प्रमुखले रुजु तथा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत गर्नुपर्नेछ ।

(२) यस कार्यविधि अनुसार कार्यन्वयन हुने स्थानीय पुर्वाधार विकास आयोजनाहरुमा उपभोक्ता समितिको तर्फबाट लागत सहभागिता आवश्यक पर्ने छैन ।

**९. आयोजनाको बिस्तृत प्रतिवेदन तयारः** (१) आयोजनाको स्थानिय स्तरको संभाव्यता अध्ययनको प्रतिवेदन उपयुक्त ठहर भएमा, उक्त आयोजनाको विस्तृत प्रतिवेदन तयार गरिनेछ । आयोजनाको विस्तृत प्रतिवेदन तयार गर्दा आयोजना स्थलको भौगोलिक अवस्थिति, स्थानीय समुदाय तथा क्षेत्रको आर्थिक - सामाजिक अवस्थाका साथै वातावरणीय तथा जैविक अवस्थाको

पहिचान तथा विस्तृतमा विश्लेषण गरेको हुनु पर्नेछ । विस्तृत प्रतिवेदन भन्नाले आयोजनाको आर्थिक, सामाजिक तथा वातावरणिय प्रभाव मूल्यांकन प्रतिवेदन, लागत अनुमान, डिजाईन, नक्सा र संक्षिप्त विवरण समावेश भएको प्रतिवेदन लाई बुझ्नु पर्दछ । आयोजनाको लागत अनुमान तथा प्रकृति हेरी सम्बन्धित आयोजना हेर्ने प्राविधिकले तयार गर्ने, स्थानीय तहका प्राबिधिक शाखा प्रमुखले रुजु तथा प्रमुख प्रशासकिय अधिकृतले स्विकृत गर्नुपर्नेछ ।

**१०. आयोजनाको वातावरणीय, तथा सामाजिक प्रभाव मूल्यांकन तथा प्रतिवेदन तयारः (१)** आयोजनाको कार्यान्वयन गर्दा उक्त क्षेत्रको वातावरणिय तथा सामाजिक पक्षमा पर्ने प्रभावको गहन रुपमा विश्लेषण तथा मूल्यांकन गाउँपालिकाको सक्षिंप्तस वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम गर्नु पर्नेछ । यसरी विश्लेषण तथा मूल्यांकन गर्दा, त्यस क्षेत्रको कुन पक्षमा नकारात्मक प्रभाव पर्दछ सो को पहिचान गरि न्यूनीकरण तथा अनुकुलनका उपाय तथा विधिहरुको व्यवस्थित प्रयोगको योजना तयार गर्नु पर्नेछ । न्यूनिकरण तथा अनुकूलनका योजना कार्यान्वयन गर्दा लाग्न सक्ने बजेटको व्यवस्था लागत अनुमानमा नै खुलाउनु पर्नेछ साथै योजनाको विस्तृत रेखांकन तथा क्रियाकलापहरु प्रष्ट हुनुपर्नेछ । वातावरणिय तथा सामाजिक प्रभावको विश्लेषण तथा मूल्यांकन गर्दा स्थानीय लक्षित वर्ग तथा समुदायका साथै स्थानीयको सहभागिता र उनीहरुसँग व्यापक छलफल तथा अन्तरक्रिया गरि उनीहरुको सहमति तथा मन्जुरीनामा लिनु पर्नेछ । समुदायको मन्जुरी प्राप्त भए पश्चात विस्तृत वातावरणिय तथा सामाजिक प्रभाव विश्लेषण तथा मूल्यांकन प्रतिवेदन गाउँपालिकामा पेश गरिनेछ । उक्त प्रतिवेदन गाउँपालिकाबाट स्वीकृत भए पश्चात मात्र आयोजनाको कार्यान्वयनका बाँकी प्रक्रियाहरु गाउँपालिकाले अगाडी बढाईने छ ।

**११. आयोजनाको सर्भे, ढाँचा, चित्र तथा लागत तयारः** (१) आयोजनाको सर्भे, ढाँचा, चित्र तथा लागत अनुमान तयार गर्न गाउँपालिकाले प्राविधिक कर्मचारीहरुको परिचालन गर्नेछ । यसका अलवा आयोजनाको सर्भे, ढाँचा, चित्र तथा लागत अनुमान तयारका लागि थप प्राविधिक सहयोग चाहिने भएको खण्डमा प्रचलित कानुनको अधिनमा रहि बाह्य विशेषज्ञ वा विज्ञको परिचालन गर्न सकिनेछ । लागत अनुमानमा आयोजनालाई आवश्यक पर्ने निर्माण सामग्रीको परिणाम तथा स्पेशिफिकेसन, दक्ष तथा अदक्ष कामदारको विवरण समेत समाबिष्ट भएको हुनुपर्नेछ ।

(२) लाभग्राहीबाट हुने सहभागिताको सम्बन्धमा आयोजनाको प्रकृति तथा भौगोलिक अवस्थालाई ध्यानमा राखी सम्बन्धित आयोजनाको प्राबिधिकले लागत अनुमानको बखत समाबेश गर्नु पर्नेछ । तर गरिब, विपन्न तथा वेरोजगार घरधुरीको समावेश भएको आयोजनमा जनसहभागिता अनिवार्य नहुने । लाभग्राहीबाट हुने सहभागिता भन्नाले आयोजना निर्माण पश्चात प्रत्यक्ष लाभ लिने घरधुरीबाट नगद, जिन्सी तथा श्रमको माध्यमबाट गरिने योगदानलाई बुझ्नु पर्दछ ।

**१२. आयोजनाको सर्भेः** (१) सामान्यता आयोजनाको ईन्जिनियरिङ्ग सर्भेमा स्थानीय उपकरणहरु तथा कम खर्चिलो उपकारणहरु जस्तै एब्नी लेवल, टेप आदि को प्रयोग गरि गरिनेछ । तर आयोजनाको किसिम, तथा प्रकृति अनुसार हेभि तथा आधुनिक उपकरण जस्तै टोटल स्टेशन, अटो लेभल आदि को प्रयोग गरिनेछ । यसरी गरिने सर्भे कार्यमा स्थानीय समुदाय तथा जनप्रतिनिधिहरुको सक्रिय सहभागिता गराउनु पर्नेछ ।

**१३. आयोजनाको ढाँचा, चित्र तथा लागत अनुमान तयारः** (१) गाउँपालिका स्थित प्राविधिक कर्मचारी तथा गाउँपालिकाले प्राविधिक सहयोग लिएका अन्य विशेषज्ञ वा विज्ञबाट आयोजनाको सर्भे पश्चात लागत अनुमान, ढाँचा तथा चित्र तयार गर्नुपर्ने छ । आयोजनाको ढाँचा, चित्र र लागत अनुमान तयार गर्दा सामान्यता ग्राफ पेपर, क्यालकुलेटर, रुलर, एक्सल सिटको प्रयोग गरिनेछ । आयोजनाको प्रकृति तथा किसिम हेरी प्रभावकारीताको लागि अन्य विभिन्न सफ्टवयर तथा प्रविधिहरु जस्तै SW Road, SW Irrigation, CBWSS आदिको प्रयोग प्राविधिक कर्मचारीले गर्न सक्नेछन् । आयोजनाको ढाँचा, चित्र र लागत अनुमान तयार गर्दा जिल्ला दररेट, नेपाल सरकारका बिभिन्न निकायबाट स्विकृत मापदण्ड र प्रचलित कानूनको अधिनमा रहि गर्नु पर्नेछ ।

**१४. आयोजनाको स्विकृति तथा सम्झौताः** (१) आयोजनाको ढाँचा, चित्र तथा लागत अनुमान तयार पश्चात गाउँपालिकाबाट स्वीकृतिका लागि पेश गर्नु पर्नेछ । गाउँपालिकाबाट आयोजनाको ढाँचा, चित्र तथा लागत अनुमान स्वीकृत भए पश्चात आयोजनाको संचालनका लागि उपभोक्ता समिति र गाउँपालिका बिचमा सम्झौता हुनेछ | गाउँपालिका र उपभोक्ता समिति विचमा हुने सम्झौताको ढाँचा अनुसुची ११.१ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**१५. आयोजनाको लागि आवश्यक प्राविधिक तथा सामाजिक कर्मचारीहरुको व्यवस्थापन तथा जिम्मेवारी**

(१) गाउँ/गाउँपालिकाबाट संचालन हुने स्थानीय पूर्वाधार विकासका आयोजनाहरुको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका लागि प्राविधिक कर्मचारीको व्यवस्थापन गाउँपालिकाबाट गरिनेछ । स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयनका लागि देहायका कर्मचारीहरुको व्यवस्थापन गरि परिचालन गनुपर्नेछ । ।

- ईन्जिनियर
- सव-ईन्जिनियर
- साईट ईन्चार्ज
- सुपरभाईजर
- अन्य सहयोगी कर्मचारी

(२) उपदफा (१) बमोजिम व्यवस्था गरिएका प्राविधिक कर्मचारीहरुको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

क. बस्ती तथा वडा स्तरबाट श्रममा आधारित जलवायु उत्थानशील स्थानीय पूर्वाधार विकासका आयोजनाको आवश्यकता, औचित्य तथा माग गर्नका लागि लक्षित वर्ग तथा समुदायलाई सचेतिकरण गर्ने,

ख. स्थानीय पूर्वाधार विकासका आयोजना प्राथमिकिकरणका लागि वडा समिति तथा गाउँपालिका स्थित बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई सहजिकरण गर्ने,

ग. आयोजनाको सम्भाव्यता अध्ययन, तथा विस्तृत आयोजना प्रतिवेदन तयार पार्ने,

घ. आयोजनाको सर्भे, रेखांकन, तथा लागत अनुमान तयार पार्ने,

ङ. आयोजनाका लागि लाभग्राहीको छनौट, प्राथमिकिरण गर्ने,

च. उपभोक्ता समितिको गठन तथा परिचालन गर्ने,

छ. ठेक्का व्यवस्थापन तथा गुणस्तर कायम राख्ने तथा बिल तयार गर्ने,

छ. लाभग्राही तथा उपभोक्ता समितिलाई आयोजना तथा काम, कर्तव्य र अधिकारका बारेमा अभिमूखिकरण गर्ने,

ज. आयोजनाको कार्यान्वयन गर्नका लागि उपभोक्ता समिति तथा गाउँपालिका विचमा सम्झौता गर्न सहयोग गर्ने,

झ.आयोजना कार्यान्वयनका लागि समूह विभाजन, समूहगत निर्माण खण्डको व्यवस्थित वितरण गर्ने,

ञ. आयोजनाका लागि चाहिने बाह्य निर्माण सामाग्री तथा स्थानीय निर्माण सामाग्रीको खरिद तथा व्यवस्थापनका लागि उपभोक्ता समिति तथा लाभग्राहीलाई सहजिकरण गर्ने,

ट. आयोजनालाई व्यवस्थित गर्न तथा निर्माण कार्य प्रभावकारी गराउन लाभग्राही तथा उपभोक्ता समितिको व्यवस्थित परिचालन गर्ने,

ठ. आयोजनाको नियमित सुपरिवेक्षण, अनुगमन तथा रेखदेख गर्ने,

ड. आयोजनाको संलग्न कामदारको हाजिरी व्यवस्थापन गर्ने,

ढ. आयोजना सूचना पाटीको व्यवस्थापन गर्ने,

ण. आयोजनाको नापजाँच, गुणस्तर कायम राख्ने तथा बिल तयार गर्ने,

त. लाभग्राही तथा उपभोक्ता समितिको बैंक खाता संचालनका लागि सहजिकरण गर्ने,

थ. गाउँपालिकाबाट ज्याला रकम व्यक्तिगत खातामा र अन्य निर्माण तथा व्यवस्थापन रकम उपभोक्ता समितिको खातामा भुक्तानी गर्न सहजिकरण गर्ने,

द. आयोजना निर्माणको बिच बिचमा कार्यको समिक्षा तथा छलफल गर्ने,

ध. आयोजना स्थलमा अस्थायी शौचालय, खानेपानी, प्राथमिक उपचार आदिको व्यवस्थापन गरउने,

न. आयोजनामा संलग्न लाभग्राहीको विमा तथा सेफ्टी उपकरण र सामाग्रीहरुको व्यवस्थापन गर्ने,

प. आयोजनाको लेखा परिक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई आदि संचालनमा सहजिकरण गर्ने,

फ. आयोजनाको मर्मत संभार समितिको गठन तथा आयोजना हस्तान्तरण गर्न सहजिकरण गर्ने

**१६. आयोजनाको ठेक्का व्यवस्थापनः** (१) सम्बन्धीत स्थानीय तहले ठेक्का व्यवस्थापनको कार्य सार्वजनिक खरिद ऐन, २०६३ र नियामवली, २०६४ बमोजिम गर्नुपर्नेछ ।

(२) ठेक्का सम्झौतामा निम्न दफाहरुलाई ठेक्काका लागि सुचना, शर्त तथा ठेक्का सम्झौतामा समेत समाबेश गर्नुपर्ने छ ।

क.आयोजना स्थलमा अनिवार्य रुपमा आयोजना विवरण भएको सुचना पाटी (अनुसुची ४ बमोजिम) राख्नुपर्ने ।

ख. निर्माण व्यवसायीले कामदारको ज्याला सम्बन्धित व्यक्तिको बैकं खाता मार्फत उपलब्ध गर्नुपर्नेछ ।

ग. लाभग्राहीको उपस्तिीथिमा सार्वजनिक परिक्षणको सुनिश्चतता गर्नुपर्ने छ ।

घ. कामदारको ज्याला जिल्ला दररेट वा न्युनतम ज्यालाको आधारमा उपलब्ध गर्नुपर्नेछ ।

# परिच्छेद - ४
# आयोजनाका लागि बजेट व्यवस्थापान

**१७. आयोजनाको कार्यान्वयनको बजेट व्यवस्थापनः** (१) गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ र ६७ अधिकार प्रयोग गरि स्थानीय पूर्वाधार विकास आयोजनाका लागि बजेट व्यवस्थापन गर्नेछ । यसरी प्राप्त बजेटलाई दफा १६ बमोजिम निर्माण भएको स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयन कोषमा जम्मा गरि परिचालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको स्थानीय पूर्वाधार विकास कोषलाई गाउँ सभाबाट स्वीकृत वा अनुमोदन भएका बस्ती तथा वडा स्तरका श्रम केन्द्रित आयोजनाहरुको प्रकृति र आकार हेरि बजेटको वाडँफाट तथा कार्यान्वयन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम बजेट वाडँफाट गर्दा गाउँपालिका पूर्वाधार शाखाले आयोजनाको लाभान्वित वर्ग, क्षेत्र, श्रममा आधारित रोजगारी, आयोजना कार्यान्वयन गर्दाको प्रभावकारीता तथा लाभान्वित संख्या तथा आयोजनाको दिगोपना आदिलाई मध्यनजर गरि गर्नुपर्नेछ ।

स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयन गने अधिकार देहाय बमोजिमको समितिले गर्नेछ :

| | |
|---|---|
| संयोजक | : अध्यक्ष |
| सदस्य | : प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य सचिव | : प्रमुख, पूर्वाधार विकास शाखा |

**१८. साझेदार संघ संस्था तथा व्यक्तिको अनुदानः (१)** स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयन गर्नका लागि कुनै साझेदार संस्था, निकाय, व्यक्तिले निशर्त रुपमा अनुदान सहयोग गरेमा गाउँपालिकाले उक्त अनुदान रकमलाई प्रचालित कानून बमोजिम आम्दानी बाँधी परिचालन तथा खर्च गर्नेछ । तर यस्ता प्रकारका आयोजनाहरु स्थानीय तहको योजना तर्जुमा प्रक्रियाबाट प्राथमिकिकरण भएको हुनु पर्नेछ ।

(२) कुनै साझेदार संघ संस्था तथा व्यक्तिबाट सिधै नगद वा जिन्सी वा दुवै सहयोग गर्न ईच्छुिक भएको खण्डमा गाउँपालिकाले आयोजना कार्यान्वयन यसै कार्यविधिले व्यवस्था गरे बमोजिम हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यान्वयन गरिएको स्थानीय आयोजनाको रेखदेख तथा कार्यान्वयन गर्ने गराउने दायित्व साझेदार संस्था वा व्यक्ति तथा गाउँपालिका बिचमा हुने समझदारी पत्र अनुरुप कार्यान्वयन गर्नु पर्नेछ । तर समझदारी पत्र यस कार्यविधिसँग बाँझिएको हदसम्म अमान्य हुनेछ ।

**१९. अन्य चन्दा, दान तथा सम्पत्तीको विवरणः** गाउँपालिकालाई स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयनका लागि कुनै संघ, संस्था तथा व्यक्तिबाट चन्दा, दान तथा सम्पत्ति दिएको खण्डमा उक्त नगद तथा जिन्सी प्रचलित कानून बमोजिम आम्दानी बाँधी स्थानीय पूर्वाधार विकास कोषमा जम्मा गरि परिचालन गरिनेछ।

# परिच्छेद - ५

# आयोजनाको लाभग्राही पहिचान, छनौट तथा प्राथमिकिकरण र उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन

**२०. लक्षित वर्ग तथा समुदायको पहिचान छनौट प्रक्रियाः**(१) गाउँपालिकाले रोजगार सेवा केन्द्र मार्फत स्थानीय तहमा भएका वेरोजगारहरुको सुची अद्यावधिक राख्नुपर्ने छ।

(२)गाउँपालिकाले उपदफा (१) बमोजिम सुचीमा रहेका घरपरिवारको सम्पन्नता स्तरीकरण गर्नेछ। यसरी गरेको सम्पन्नता स्तरीकारणलाई हरेक वर्ष अध्यावधिक गरि सोको अभिलेख व्यवस्थित राख्नेछ। गाउँपालिकाले घरपरिवारको सम्पन्नता स्तरीकरण अनूसुचि १ मा उल्लेख भएबमोजिमको फारामको प्रयोग गरी गर्न सक्नेछन। र यो प्रक्रियाको नेतृत्व सम्बन्धित वडा कार्यालयले गर्ने छ। कामदारको संख्या विस्तृत लागत अनुमानमा तोके बमोजिमको हुनेछ।

(३) उपदफा (२) बमोजिम सम्पन्नता स्तरीकरण भएका घरधुरी मध्ये १८ देखि ५९ वर्ष सम्मका श्रम गर्न सक्ने उमेरका ईच्छुक **"क"** र **"ख"** वर्गका घरधुरीहरु मात्र यस कार्यक्रमका लागि लक्षित घरधुरी वा वर्ग वा लाभग्राही मानिनेछ।

(४) उपदफा (३) बमोजिम कार्यक्रमका लागि योग्य घरधुरीको छनौट तथा प्राथमिकिरणका आधार देहाय बमोजिम हुनेछन्:

क. कार्यक्रममा सहभागिताका लागि ईच्छुक भई वडा कार्यालय वा गाउँपालिकामा आवेदन दिएको, र वेरोजगारहरुको सुचीमा दर्ता कायम भएको,

ख. घरपरिवारको सदस्य श्रम गर्न सक्ने उमेर १८ देखि ५९ वर्ष सम्म भएको,

ग. सम्बन्धित क्षेत्रको बासिन्दा तथा आयोजना स्थल पुग्न बढिमा १ घण्टा समय लाग्ने र बास बस्न नपर्ने,

घ. आफ्नो उत्पादनबाट बढिमा ३ महिना सम्म खाना पुग्ने तथा अति जोखिम घरपरिवार,

ङ. घरपरिवारमा अपांगता, गर्भवति र एकल महिला भएका घरपरिवार,

च. घरपरिवारमा कुनै पनि समुह, सहकारी, सरकारी तथा गैर सरकारी संघसंस्थामा रोजगारी नभएको घरपरिवार,

छ. पिछडिएको जाति, समुदाय, तथा द्वन्द पिडित घरपरिवार र,

ज. आयोजना संचालनका लागि व्यक्तिगत जग्गा जमिन उपलब्ध गराउने घरपरिवार

**२१. लक्षित घरधुरी वा व्यक्तिको व्यवस्थापन सूचना प्रणालीमा दर्ताः** (१) दफा (२०) को उपदफा १, २, ३ बमोजिम छनौट भएका घरधुरीका व्यक्तिहरुलाई अनुसूची १ बमोजिम विवरण संकलन गरि काममा संलग्न गरिनेछ।

(२) उपदफा (१) बमोजिम संकलन भएको विवरणलाई व्यवस्थित सूचना प्रणालीमा प्रविष्ठ गर्ने कार्य गाउँपालिकामा कार्यरत कर्मचारीले गर्नेछ। यसरी व्यवस्थित सूचना प्रणालीमा दर्ता गरि घरधुरी दर्ता नं. उपलब्ध गराउनु पर्नेछ।

**२२. लक्षित घरधुरी वा व्यक्तिलाई परिचय–पत्र वितरणः** (१) व्यवस्थित सूचना प्रणालीमा भएको घरधुरी दर्ता नं. का आधारमा लक्षित घरधुरी वा व्यक्तिको परिचय पत्र तयार हुनेछ। घरधुरीको परिचय पत्र अनुसूची २ को ढाँचामा गाउँपालिकाले तयार गर्नेछ र क्रमश पहिचान भएका घरधुरीलाई परिचय पत्र वितरण गर्दै लगिनेछ।

**२३. लक्षित घरधुरीका लाभग्राहीलाई आयोजनाका सम्बन्धमा निमार्णपूर्व तालिमः** (१) आयोजनाका लागि छनौट भई व्यवस्थित सुचना प्रणालीमा दर्ता भएका व्यक्ति तथा घरधुरीहरुलाई आयोजना अन्तरगत संचालन गरिने क्रियाकलाप, विधि तथा पद्धतिका साथै समग्र प्रक्रियाका बारेमा देहाय बमोजिम अभिमूखिकरण गर्नु पर्नेछः-

क. आयोजना संचालन गर्नुको लक्ष्य तथा उद्देश्य तथा औचित्य,

ख. आयोजना संचालन गरिने क्षेत्र, ठाउँ को विस्तृत रेखांकनको जानकारी,

ग. आयोजनाबाट प्रत्यक्ष तथा अप्रत्यक्ष लाभान्वित वर्ग, जातजाति, समुदायबारे जानकारी,

घ. आयोजना अन्तरगत निर्माण हुने संरचना तथा आयोजनाको कुल लागत विवरण,

ङ. आयोजना कार्यान्वयन तथा परिचालनका लागि उपभोक्ता समिति गठन, तथा उपभोक्ता समितिका पदाधिकारी र समितिको काम  कर्तव्य अधिकार,

च. कामदार वा लाभान्वित वर्गको काम, कर्तब्य, र अधिकार

छ. आयोजना व्यवस्थापनका लागि व्यवस्थित सूचना प्रणालीको जानकारी,

ज. आयोजनाको सहजिकरण, सुपरिवेक्षण, तथा अनुगमनमा परिचालन भएका कर्मचारीको जानकारी,

झ. आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि उपलब्ध गराईएको हाते औजारहरु

ञ. आयोजनामा संलग्न कामदारहरुको सुरक्षाका लागि वितरण गरिएका सेफ्टी उपकारण तथा सामाग्रीहरु

ट. आयोजनाका लागि व्यवस्थापन गरिएको प्राथमिक उपचार र कामदारको विमाको बारेमा जानकारी,

ठ. आयोजना खाता तथा बैठक पुस्तीकाको प्रयोग,

ड. कामदारको हाजिरी विवरणको अभिलेख व्यवस्थापन,

ढ. आयोजना कार्यान्वयन गर्दा समुह विभाजन तथा समुहगत कार्यको बाडँफाँट विधि,

ण. आयोजना अन्तरगत सम्पन्न भएका कार्यको नाप जाँच र विल तयार,

त. आयोजनाको लागि चाहिने स्थानीय सामाग्रीको संकलन तथा वाह्य सामाग्रीको खरिद प्रक्रिया ,

थ. आयोजनाको खर्च व्यवस्थापनका लागि बैंक खाता संचालन, तथा कामदारको ज्याला भुक्तानीका लागि व्यक्तिगत बैंक खाता संचालन,

द. आयोजनको नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन प्रक्रिया,

ध. आयोजनाका पारदर्शिताको लागि आयोजना सूचना पाटी, आयोजनाको समिक्षा, सार्वजनिक लेखा परिक्षण, सार्वजनिक सुनुवाई र आयोजनाको लेखा परिक्षण

न. आयोजनाको दिगो व्यवस्थापनका लागि मर्मत संभार कोष व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन,

प. आयोजनाको हस्तान्तरण ।

फ. कार्यास्थलमा हुने लैगिंक हिसां तथा सामाजिक समाबेशिकरण

**२४. लाभग्राहीहरुलाई कार्यस्थलमा अपनाउनुपर्ने  स्वास्थ्य तथा सुरक्षा सम्वन्धी जानकारीः** (१) आयोजनामा संलग्न कामदार तथा कर्मचारीका सुरक्षणका लागि गाउँपालिकाले उपलब्ध गराउने स्वास्थ्य, सुरक्षा तथा सुरक्षाका सामाग्रीको वारेमा जानकारी उपलब्ध गराउनुपर्नेछ

**२५. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धमाः** उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था गाउँपालिकाको उपभोक्ता समितिको गठन, ,परिचालन तथा व्यवस्थापन कार्यबिधि- २०८१ अनुसार गर्ने

# परिच्छेद - ७
# आयोजनाको सुरक्षण व्यवस्थापन तथा कार्यान्वयन

**२६. लाभग्राहीको सामुहिक बिमा: (१)** स्थानीय सरकार तथा सहयोगी संस्थाले परियोजना कार्यमा काम गर्ने सम्पूर्ण कामदारहको हितलाई ध्यानमा राखी सामुहिक दुर्घटना बिमा गर्नुपर्नेछ  र सो बिमा सम्बन्धि आवाश्यक जानकारी उपभोक्ता समितिलाई गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित विमाको रकम आयोजनाको प्रकृति हेरी स्थानिय सरकारले निर्धारण गर्नेछ ।

**२७. लाभग्राहीको व्यक्तिगत सुरक्षा तथा सुरक्षाका सामाग्री सम्बन्धमा : (१) लाभग्राहीको व्यक्तिगत सुरक्षा तथा सुरक्षाका सामाग्री सम्बन्धमा निम्न बमोजिम हुने,**

क. गर्भावस्थाका तथा सुत्केरी महिलाहरुलाई शारीरिक परिश्रम हुने काममा नलगाउने ,
ख. १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरुलाई निर्माण कार्यमा संलग्न नगराउने ,
ग. सहभागि कामदारहरुलाई सुरक्षाका आवश्यक उपायहरुबारे जानकारी गराउने ,
घ. उपभोक्ता समूहलाई लैंगिक सचेतनाको ढंगले उपभोक्ता समिति सदस्य मनोनयन गर्न सहयोग गर्ने, उपभोक्ता समितिलाई उनीहरुको उत्तरदायित्व बारे जानकारी गराउने ,
ङ. आयोजना कार्यान्वयनको सुपरिवेक्षण गर्ने र प्राविधिक सहयोगको साथै लैङ्गिक सचेतनाको ढंगले सामाजिक परिचालन गराउने ,
च. उपभोक्ता समितिसँगको सहकार्यमा आयोजनाको प्रगति अनुगमन गर्ने,
छ. सार्वजनिक लेखा परीक्षण सञ्चालन गर्न उपभोक्ता समितिलाई सहयोग गर्ने,
झ. उपभोक्ता समूहलाई समसामयिक रुपमा नगद उपलब्धता सुनिश्चित गर्ने । सम्पन्न भएका कामको प्रमाणीकरण गर्ने

**२८. आयोजना स्थलमा प्राथमिक उपचार पद्धति: (१)** आयोजना स्थलमा सामान्य चोटपटक तथा विरामी उपचारका लागि न्यूनतम औषधी सहितको प्राथमिक उपचार किट उपलब्ध गराउनु पर्ने छ ।

**२९. आयोजना स्थलमा खानेपानी तथा शौचालयको  सरसफाई व्यवस्थापन: (१)**  आयोजना स्थलमा महिला तथा पुरुष कामदारका लागि छुट्टा छुट्टै शौचालयको ब्यवस्था गर्नु पर्ने छ साथै कामदारका लागि सफा खानेपानीको ब्यवस्था गर्नु पर्ने छ ।

**३०. आयोजना स्थलमा बालबलिकाको हेरचाह तथा व्यवस्थापन:**

- गर्भावस्थाका तथा सुत्केरी महिलाहरुलाई शारीरिक परिश्रम हुने काममा नलाउने ,
- १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरुलाई निर्माण कार्यमा संलग्न नगराउने ,
- २ वर्ष मुनिका बालबालिका सहितका कामदार आयोजना स्थलमा कामदारको रुपमा आएमा बालबालिकालाइ उचित हेरचाहको ब्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद - ८

## आयोजनाको अभिलेख व्यवस्थापन

**३१. आयोजनाको बैठक पस्तिकाः (१) आयोजनाको बेठक पुस्तिकाको अभिलेख व्यवस्थापन देहाय बमोजिम हुनेछ ।**

क. समितिको वैठक कम्तीमा ३ महिनामा एक पटक वस्ने छ र आवश्यक परेमा जुनसुकै वखत पनि वस्नेछ ,

ख. वैठकमा आवश्यकता अनुसार कसैलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिनेछ ,

ग. समितिको बैठकमा भएका छलफल तथा निर्णयहरु लिपीबद्द गर्नका लागि समितिको आफ्नै बैठक पुस्तिका हुनेछ।

**(२) आयोजनाको बैंक खाता सम्बन्धमाः**

क. उपभोक्ता समितिको खाता कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ,

ख. समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालकहरु मध्ये कम्तिमा एकजना महिला हुनु पर्नेछ ।

**(३) हाजीरी अभिलेख किताब सम्बन्धमाः**

क. आयोजनामा काम गर्ने दक्ष तथा अदक्ष कामदारहरुको हाजिरी स्थानीय तहले तोकेको ढाँचामा दैनिक हाजिरी राख्नु पर्ने छ । उक्त हाजिरी उपभोक्ता समिति वा उक्त आयोजना स्थलमा खटिएको प्राविधिकले दैनिक अद्यावधिक गर्नु पर्ने छ ।

## परिच्छेद - ९

## आयोजनाको नाप जाँच, तथा कार्य सम्पन्न

**३२. आयोजनाको पहिलो नाप जाँच तथा बिल तयारः** (१) आयोजनको कार्य प्रगति हेरी आयोजना कार्यान्वयन निकायको नियम भित्र रही तोकिएका प्राविधिक कर्मचारीबाट आयोजनाको कम्तिमा ५० प्रतिशत कार्य सम्पन्न भए पछि पहिलो नाप जाँच गरि आयोजनाको पहिलो बिल तयार गर्नेछ । यसरी विल तयार गर्दा समूहगत परिमाण छुटाई सोहि बमोजिम कामदार तथा सामग्रीको भुक्तानीका लागि व्यवस्थापन गर्नुपर्नेछ ।

**३३. आयोजनाको अन्तिम नाप जाँच तथा बिल तयारः (१)** आयोजनाको सम्पूर्ण कार्य सम्पन्न भए पछि अधिकार प्राप्त प्राविधिकले स्थलगत अनुगमन, कार्यको जाँच तथा मूल्यांकन पश्चात कार्य सम्पन्न प्राविधिक प्रतिबेदन तथा अन्तिम बिल तयार गर्ने छ । यसरी तयार भएको बिलको आधारमा आयोजनाको कुल खर्च तयार पारि भुक्तानीको व्यवस्थापन गरिनेछ । प्राविधिकको कार्य सम्पन्न भएको प्रतिबेदन बेगर अन्तिम भूक्तानी दिइने छैन ।

## परिच्छेद - १०

## आयोजनाको खरिद, दाखिला तथा भुक्तानी व्यवस्थापन

**३४ आयोजना कार्यान्वयनमा चाहिने स्थानीय तथा बाह्य सामाग्री खरिदः (१)** आयोजना संचालनको लागि आवश्यक निर्माण सामग्री तथा  औजार तथा व्यक्तिगत सुरक्षा सामग्रीहरु सार्बजनिक खरिद ऐन २०६३ भित्र रहि गाउँपालिकाले गर्नेछ ।

**३५. खरिद गरिएका सामाग्रीहरुको दाखिला तथा स्टोर व्यवस्थापनः (१)** गाउँपालिका वा वडा कार्यालयले परिच्छेद १० को दफा १०.१ बमोजिम खरिद भएका निर्माण सामाग्रीहरुको उचित तवरले तथा नियमसंगत अभिलेख राखि आम्दानी बाध्नु पर्नेछ। तर आम्दानी बाँधि अभिलेख राख्दा सामाग्रीको गुणस्तर तथा परिमाणको प्राविधिक कर्मचारीले वा तोकिएको व्यक्तिबाट सम्झौतामा उल्लेखित मापदण्ड अनुसार चेक जाँच गराएर मात्र गर्नु पर्नेछ अन्यथा सामाग्रीको दाखिला नगरि पुन सप्लायर्सलाई फिर्ता पठाईनेछ। दाखिला नगरी कुनै पनि निर्माण सामाग्रीको वितरण वा खर्च गर्न पाईने छैन।

**३७. सामाग्रीको खरिद ,ढुवानी तथा भण्डारण व्यवस्थापनः (१)** स्थानीय तहले परियोजना वा आयोजना संचालनको लागि आवश्यक निर्माण सामग्री, औजार तथा ब्यक्तिगत सुरक्षा सामग्रीहरु खरिद गर्दा सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ को अधिन भित्र रही गर्नेछ   यसरी प्राप्त बाह्य निर्माण सामग्रीहरु प्राप्त भए पछि मूल सडक देखि आयोजना स्थल सम्म सामग्री ढुवानी, भण्डारण तथा प्रयोगउपभोक्ता समितिले लागत अनुमानमा आधारित भइ गर्नु पर्नेछ।
(२) स्टोरमा दाखिला भइ प्रयोग नभएका सामाग्री उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन सम्पन्न पश्चात सम्बन्धित गाउ पालिका वा नगर पालिकालाई हस्तान्तरण गनुपर्नेछ।
**३८. सामाग्री खरिदको रकम भुक्तानी प्रक्रियाः (१)** खरिद भएका सामग्रीहरुको भूक्तानी गर्नु पूर्व सामाग्रीको गुणस्तर वा परिमाण ठिक भए नभएको यकिन गरि बिलको आधारमा बैंकबाट गर्नु पर्ने छ।
**३९. कामदार वा लाभग्राहीको बैंक खाता संचलानः (१)** आयोजनामा काम गर्ने दक्ष तथा अदक्ष कामदारको ज्याला भुक्तानी बैक मार्फत निजको ब्यक्तिगत बैक खातामा गर्नुपर्ने छ। कामदारलाई पायक पर्ने बैंकमा बैंक खाता खोल्नका लागि अभिप्रेरित तथा सहजिकरण गाउँपालिका वा वडा कार्यालयबाट गर्नु पर्ने छ।

**४०. कामदार वा लाभग्राहीको  पारिश्रमिक भुक्तानी प्रक्रियाः (१)** आयोजनामा काम गर्ने दक्ष तथा अदक्ष कामदारले बैंक खाता संचालनको विवरण गाउँपालिका वा वडा वा उपभोक्ता समिति वाट खटिएका कर्मचारीलाई दिनुपर्नेछ। कामदारको बैंक खाताको विवरण गाउँपालिकाले व्यवस्थित सूचना प्रणालीमा प्रविष्ट गरि अभिलेखलाई व्यवस्थित गर्नुपर्नेछ। गाउँपालिकाले कामदारको ज्याला रकम भुक्तानी बैक मार्फत निजको ब्यक्तिगत बैक खातामा गर्नु गाउँपालिकाको दायित्व हुनेछ।  बैंक खाता वेगर कामदारलाई कुनै पनि नगद भुक्तानी गरिने छैन।
**४१. आयोजनाको लागि आवश्यक हाते औजार व्यवस्थापनः (१)** आयोजनाको कार्य संचालनका लागि चाहिने आबश्यक हाते औजारहरु तथा ब्यक्तिगत सुरक्षाका सामग्रीहरु  गाउँपालिकाले ब्यवस्थापन गर्नुपर्नेछ.

## परिच्छेद - ११

## आयोजनाको पारदर्शिता तथा जवाफदेहिता व्यवस्थापन

**४२. आयोजना सम्झौताः** (१) तोकिएको समय अवधि भित्र आयोजनाको कार्य सम्पन्न गर्नका लागि स्थानीय सरकार, र उपभोक्ता समिति वीच स्थानीय सरकारले  तोकेको ढांचा अनुसार सम्झौता गर्नु पर्ने छ। गाउँपालिका तथा उपभोक्ता समिति बिच हुने सम्झौता तथा लाभग्राहीको सहभागिता अनुसूची ३ बमोजिमको ढाँचामा हुनेछ।

**४३. आयोजना सूचना पाटीको व्यवस्थापनः (१)** आयोजनाको लागत विवरण सर्वसाधारण तथा सरेकारवालाहरुको जानकारीका लागि लागत विवरण स्पस्ट देखिने गरि आयोजना स्थलमा आयोजना सूचना पाटी राख्नु पर्ने छ। गाउँपालिकाद्धारा संचालन हुने ५ लाख भन्दा माथिका सामुदायिक पुर्वाधार विकासका आयोजनाको लागि अनुसूची ४ बमोजिमको ढाँचामा सूचना पाटी तयार गरि टाँस गरिनेछ।
**४४. आयोजनाको समिक्षा कार्यक्रमः (१)** आयोजना कार्यान्वयनको गुणस्तर कायम गर्नका लागि  गाउँपालिकाले संयुक्त अनुगमन गरि कामको गुणस्तर तथा कार्य प्रगतिको समिक्षा गरि कमि कमजोरी भएमा सुधार गर्नु पर्ने छ।

**४५. आयोजनाको लेखा परिक्षण:** (१) गाउँपालिकामा दर्ता भएका आयोजना सम्पन्न भएपश्चात अथवा आर्थिक वर्ष सम्पन्न भएको ३ महिनाको समय भित्र नेपाल सरकारले तोकेको रजिष्टर्ड लेखा परिक्षकबाट आयोजनाको आन्तरिक तथा अन्तिम लेखा परिक्षण गराउनु पर्ने छ । यसरी सम्पन्न गरिएको लेखा परिक्षणको प्रतिवेदन संचालक वा उपभोक्ता समितिले वडा कार्यालय तथा पालिकामा पेश गर्नुपर्नेछ । तर पालिका भित्र सम्पन्न हुने कुनैपनि आयोजना निर्माण सम्पन्न भएपश्चात सोको लेखा परिक्षण गराउने दायित्व पालिकाको हुनेछ ।

**४६. आयोजनाको सार्वजनिक लेखा परिक्षण:** (१) आयोजना सम्पन्न भए पश्चात स्थानीय सरकारका प्रतिनिधि, उपभोक्ता समिति, स्थानीय सरेकारवाला, आयोजनाका लाभग्राही तथा कामदारको रोहवरमा आयोजनाको आम्दानी, खर्च तथा प्रगतिको सार्बजनिक गर्नु पर्ने छ । सार्वजनिक लेखा परिक्षण वडा कार्यालय वा गाउँपालिकाको सहयोग तथा सहजिकरणमा उपभोक्ता समितिले आयोजना सम्पन्न भएको अन्तमा गर्नु पर्ने छ । आयोजनाको वास्तविक आम्दानी (नगद तथा जिन्सी) को खर्चको बिस्तृत विवरण सार्बजनिक स्थलमा समेत टाँस गर्नु पर्ने छ ।

५३. आयोजना सम्बन्धि गुनासो तथा सुझाव : आयोजना सम्बन्धि कुनै गुनासो तथा सुझाव भएमा यस गाउँपालिकाको "गुनासो तथा सुझाव व्यवस्थापन कार्यविधि-२०८१" बमोजिम गर्नुपर्ने छ ।

# परिच्छेद - १२
# आयोजनाको अनुगमन तथा मूल्यांकन

**४७. अनुगमन** (१) राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनका अनुशार "अनुगमन" भन्नाले नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह उचित ढंगले भए, नभएको वा अपेक्षित नतिजा हासिल भए, नभएको सम्बन्धमा कार्यान्वयन गर्ने निकाय वा कानूनबमोजिम अख्तियार प्राप्त निकायले तोकेको व्यक्ति वा संस्थाबाट निरन्तर वा आवधिक रुपमा गरिने निगरनी, सूचना संकलन, विश्लेषण तथा सुधारात्मक कार्यलाई बुझिन्छ ।
विशेषगरी अनुगमनले निम्नलिखित विषयमा सूचना संकलन तथा विश्लेषण गर्दछ :

(क) आयोजनाको दस्तावेज तथा स्वीकृत वार्षिक कार्यक्रम वा समयतालिका बमोजिम स्रोत साधनको प्राप्ति तथा प्रयोग र क्रियाकलापहरू कार्यान्वयन भएको छ/छैन ? कार्यान्वयन क्षमता के -कस्तो छ ?

ख) कार्यान्वयनमा के-कस्ता समस्या र बाधा व्यवधानहरू देखिएका छन् र तिनको समाधानका निम्ति के-कस्ता ( उपायहरू अवलम्बन गर्नुपर्छ ? र

(ग) अपेक्षित प्रतिफलहरू समयमै र लागत प्रभावकारी रूपमा हासिल भएका छन्/छैनन् ?

**४८. मूल्याङ्कन** (१) मूल्याङ्कन भन्नाले कार्यान्वयन चरणमा रहेका वा सम्पन्न भएका नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, दिगोपना तथा प्रभावहरूका सम्बन्धमा लैङ्गिकता तथा समताका दृष्टिले समेत आन्तरिक वा बाह्य मूल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले गरिएको कार्यलाई जनाउँछ । (२) योजना, नीति, कार्यक्रम तथा आयो जना कार्यान्वयनका क्रममा भएका सबल तथा दुर्बल पक्षहरूबाट पाठ सिकी भावी योजना, नीति, कार्यक्रम तथा आयो जनाहरू तर्जुमा तथा कार्यान्वयनमा आवश्यक सुधार गर्नु तथा सम्बन्धित निकाय/पदाधिकारी लाई त्यस्ता योजना, नीति, कार्यक्रम/आयोजनाहरूको कार्यान्वयन र नतिजाप्रति जवाफदेही बनाउनु मूल्याङ्कनको उद्देश्य हो ।

**४९. आयोजनाको अनुगमन गर्ने निकाय तथा व्यक्ति:** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको क्षेत्रभित्र स्थानीय सरकार आफैंद्धार संचालित वा सो क्षेत्रमा क्रियाशील गैर सरकारी संघ/संस्था, सहकारी संस्था, उपभोक्ता समिति लगायतका सामाजिक तथा सामुदायिक संघ/संस्थाहरूले स्थानीय तहसँगको समन्वयमा रही संचालित कार्यक्रमहरुको स्थानीय

तहको अनुगमन प्रणालीमा सामाजिक तथा सामुदायिक सङ्घ/संस्थाहरूले सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाको अनुगमनको समेत व्यवस्था मिलाउनु पर्नेछ।

(२) अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी कार्यपालिकाको हुने र स्थानीय आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गर्नुपर्ने।

(३) योजना अनुगमन कार्यलाई प्रभावकारी बनाउनको लागि गाउँपालिका/गाउँपालिकाले अनुगमन तथा सुपरिवेक्षण समितिको गठन एवं परिचालन गर्नेछ। यसरी पालिका भित्र संचालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार उपाध्यक्ष/उपप्रमुख को संयोजकत्वमा देहाय बमोजिमको अनुगमन समितिको गठन गर्नुपनर्छे।

| | |
|---|---|
| (क) उपाध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) गाउँ कार्यपालिकाका सदस्य मध्ये कम्तीमा एकजना महिला पर्ने गरी संयोजकले मनोनित गरेको दुई जना सदस्य | सदस्य |
| (घ) कायक्रमसंग सम्बिन्धत शाखा प्रमुख | सदस्य |
| (ङ) पुर्वाधार विकास तथा भवन नियमन शाखा प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी | सदस्य |
| (च) अनुगमन तथा मूल्यांङ्कनसँग सम्बिन्धत शाखा प्रमुख (योजना शाखा) | सदस्य/सचिव |

समितिले कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सक्ने।

**५०. अनुगमनको क्षेत्र (१)** आयोजना र कार्यक्रम तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन व्यक्ति,उपभोक्ता समिति र निर्माण व्यवसायीले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजना, परियोजना तथा कार्यक्रमको गुणस्तर, परिमाण सुनिश्चित गर्न स्थानीय तहले निम्न प्रकारका कार्यक्रम वा आयोजनाहरुको अनुगमन गर्ने व्यवस्था गर्नु पर्नेछ :-

(क) गाउँपालिका बाट स्वीकृत कार्यक्रम वा आयोजनाहरु
(ख) गाउँपालिका बाट लगानी भएको आयोजनाहरु
(ग)नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरु
(घ) पालिकाको क्षेत्रभित्र गैरसरकारी संस्था मार्फत सञ्चालित आयोजनाहरु

**५१. आयोजनाको अनुगमनका चरणः (१)** राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ ले स्थानीय स्तरमा संचालित कुनै पनि कार्यक्रम/आयोजनाको पहिचानको चरणदेखि कार्यान्वयन सम्पन्न भई सञ्चालन अवधिमा समेत अनुगमन तथा मूल्याङ्कन कार्य गरिरहनुपर्छ भनी निर्देशित गरेको छ। यसरी विभिन्न चरणमा गरिने अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त भएका नतिजा, सुझाव तथा सल्लाहलाई पृष्ठपोषणको रूपमा लिई आवश्यकता अनुरूप सुधारगर्दै जानुपर्छ।

(२) कार्यक्रम/आयोजनाका विभिन्न समयावधिमा गरिने अनुगमन तथा मूल्याङ्कन, तिनका प्रकार लाई तलको तालिकामा देखाइएको छ।

**तालिका १ कार्यक्रम/आयोजनाका विभिन्न चरणमा गरिने अनुगमन तथा मूल्याङ्कनको उद्देश्य :**

| अनुगमन तथा मूल्याङ्कनका प्रकार | उद्देश्य |
|---|---|
| १. निरन्तर अनुगमन | • कार्यक्रम/आयोजना कार्यान्वयन चरणमा लगानी, क्रियाकलाप, प्रक्रिया र प्रतिफल सूचकहरूको आधारमा कार्यसम्पादन भए नभएको निर्धारण गर्न। |

| | |
|---|---|
| २. दिगोपना अनुगमन | ● कार्यक्रम/आयोजनाको कार्यान्वयन चरण सम्पन्न भएपछि उक्त कार्यक्रम/आयोजनाको निर्धारित आयुसम्म निरन्तर सञ्चालनको लागि आवश्यक पर्ने स्रोतसाधन तथा मर्मत-सम्भार निश्चित गर्न । |
| ३. पूर्वमूल्याङ्कन (Ex-ante) | ● कार्यक्रम/आयोजनाको आवश्यकता तथा सुनिश्चितता निर्धारण गर्न,<br>● कार्यक्रम/आयोजनाको पूर्ण विवरण स्पष्ट गर्न र सूचकहरू निर्धारण गर्न । |
| ४.चालू मूल्याङ्कन (On-going | ● कार्यक्रम/आयोजनाको प्रगतिको समीक्षा गर्न,<br>● पूर्वनिर्धारित कार्ययोजनामा परिमार्जन गर्न वा सञ्चालन ढाँचामा आवश्यक परिवर्तन गर्न । |
| ५. अन्तिम मूल्याङ्कन (Terminal) | ● कार्यक्रम/आयोजनाको कार्यक्षमता, प्रभावकारिता र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न र कार्यक्रम/आयोजना सम्पन्न भएपछि थप कार्य **(Follow-up)** आवश्यक रहेको वा नरहेको निर्क्यौल गर्न । |
| ६. प्रभाव मूल्याङ्कन (Ex-post) | ● कार्यक्रम/आयोजनाको प्रभाव र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न,<br>● भविष्यमा कार्यक्रम/आयोजनाको तर्जुमा र कार्यान्वयन गर्दा सुधार गर्नका लागि सिकाइ र सुझावहरू प्राप्त गर्न । |
| ७. निरन्तर पृष्ठपोषण | ● विभिन्न चरणमा गरिने अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उचित समयमा सम्बोधन गर्नुपर्छ । |

**५२. आयोजनाको अनुगमन विधि तथा पद्धतिः (१)** स्थानीय स्तरमा संचालित कार्यक्रम/आयोजना लाई परिणाममुखि वनाउनका लागि योजनातह देखि कार्य संम्पन्न पश्चात पनि कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्नु पर्दछ । यसरी आवधिक कार्यक्रम/आयोजनाको गरिने अनुगमन तथा मूल्याङ्कन देहायमा उल्लिखित औजार तथा विधि उपयोग गरी गर्न सकिन्छ :-

- ➢ स्थलगत अनुगमन ,
- ➢ फोटो अनुगमन (निर्माण पूर्व, निर्माणधिन र निर्माण सम्पन्न पछिको अवस्था) ,
- ➢ कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना ,
- ➢ नागरिक निगरानी तथा अनुगमन ,
- ➢ नतिजामा आधारित ढाँचाअनुसार अर्ध वार्षिक समीक्षा ,
- ➢ नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक मध्यावधि मूल्याङ्कन (तेश्रो पक्षबाट) ,
- ➢ नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक अन्तिम मूल्याङ्कन (तेश्रो पक्षबाट) ,

**५३. अनुगमनको प्रतिवेदन ढाँचा, अनुगमन चेकलिस्ट तथा पेश गर्ने निकाय तथा व्यक्तिः (१)** नतिजामूलक अनुगमन प्रणालीअनुसार नतिजा खाकाको उपयोग गरी प्रस्तावित सूचकअनुसार हासिल हुनुपर्ने लक्ष्य हासिल भए नभएको लेखाजोखा गर्नुपर्दछ । अनुगमन गर्दा योजनाको लक्ष्य, उद्देश्य, प्रतिफल र कार्यक्रम समेत सबै तहमा गरिनु पर्दछ । यसका लागि स्थानीय तहले आफ्नो आवश्यकता र उपलब्ध सूचना तथा विवरणका आधारमा अनुगमन तथा प्रतिवेदन प्रणालीको विकास गरी अवलम्बन गर्न सक्दछन् । साथै स्थानीय तहको तथ्याङ्क व्यवस्थापन र प्रयोगका लागि रष्ट्रिय प्रणालीसँग आवद्ध सूचना र प्रतिवेदन प्रणाली स्थापना गर्नुपर्ने हुन्छ । यसैगरी अन्तर्राष्ट्रिय प्रतिवद्धतासँग सम्बन्धित दिगो विकास लक्ष्य र राष्ट्रिय अभियानसँग सम्बन्धित विषयहरूको प्रतिवेदन त्रैमासिक, वार्षिक र आवधिक रूपमा नेपाल सरकारले ढाँचा निर्धारण गरेको अवस्थामा तोकिएको ढाँचा बमोजिम र समयतालिका अनुसार गर्नुपर्दछ । (२) अनुगमन गर्न जाँदा अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ मा उल्लेखित अनुगमन चेकलिस्ट तथा अनुगमन प्रतिवेदनका लागि पालिकाले तोके बमोजिमको प्रतिवेदनको ढाँचा प्रयोग गर्नु पर्दछ ।

**तालिका २ स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले तोके अनुसार अनुगमन प्रतिवेदन प्रणालीको संक्षिप्त ढाँचा :**

| अनुगमन प्रतिवेदनको विवरण | प्रतिवेदन पेश गर्ने निकाय | प्रतिवेदन प्राप्त गर्ने निकाय | समय |
|---|---|---|---|
| कार्यक्रम तथा आयोजनाको नियमित अनुगमन प्रतिवेदन | सम्बन्धित कर्मचारी, महाशाखा/शाखा, एकाइ, | कार्यपालिका | नियमित |
| ● आयोजना तथा कार्यक्रमको प्रक्रिया अनुगमन र उपलब्धि मापन प्रतिवेदन<br>● गैर सरकारी सङ्घ/संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ/संस्थाको अनुगमन प्रतिवेदन | अनुगमन तथा सुपरीवेक्षण समिति<br>(उप प्रमुखको संयोजकत्वमा गठित समिति) | कार्यपालिका | मासिक, त्रैमासिक र<br>वार्षिक |
| प्रदेश सरकारलाई पेश गर्नुपर्ने प्रतिवेदन | प्रमुख प्रशासकीय अधिकृत | प्रदेश सरकारका सम्बन्धित निकाय | वार्षिक |

# परिच्छेद - १४
# आयोजनाको दिगोपनको व्यवस्थापन

**५४. आयोजना हस्तान्तरणः** (१) स्थानीय स्तरमा संचालित आयोजनाहरुको निर्माण कार्य समाप्ती पश्चात, आयोजना संचालन, दिगोपन तथा समुदायका सवै वर्ग तथा जातीको पहुँचको सुनिश्चितता हुनेगरी आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरु मध्येवाट सो आयोजनाको संरक्षण, व्यवस्थापन तथा मर्मत सम्भारको लागि संरक्षण समिति गठन गरी सो समिति वा उपभोक्ता समिति लाई पूर्वाधार आयोजनाको हस्तान्तरणको प्रमाण पत्र दिनु पर्नेछ । यसरी आयोजना हस्तान्तरण गर्दा पालिका, वडा कार्यालय र उपभोक्ता वा संरक्षण समितिको भूमिका तपसिल वमोजिम हुनुपर्दछ ।

(२) **पालिकाको भूमिका देहाय बमोजिम हुनेछ । :**

- उपभोक्ता समिति वा संरक्षण समितिसँग आयोजनाको शुरुआति चरण देखि छलफल गरी आयोजनाको गुणस्तर कायम राख्न आवश्यक प्रवन्ध मिलाउने ,
- उपभोक्ता समिति वा संरक्षण समितिलाई आयोजनाको दिगोपनाको लागि मर्मत सम्भार कोष स्थापना स्थापना तथा परिचालनमा सहजीकरण गर्ने ,
- उपभोक्ता वा संरक्षण समितिको क्षमताले मात्र आयोजनाको मर्मत संभार गर्न सक्ने अवस्था नभएमा आवश्यक सहयोग गर्ने ,
- निर्माण व्यवसायी मार्फत संचालन भएका आयोजना न्युन गुणस्तरको कारणले आँशिक वा पूर्ण रुपमा सञ्चालन हुन नसकेमा आवश्यक प्रवन्ध मिलाउने,
- आयोजनाको समय समयमा अनुगमन गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक सल्लाह सुझाव दिने ,
- आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म विमाको लागि समन्वय तथा सहजीकरण गर्ने,
- विपद परी आयोजना मर्मत सम्भार गर्नुपर्ने भएमा आयोजना मर्मत सम्भारको लागि आवश्यक सहयोग गर्ने ।

(३) **वडा कार्यालयको भूमिका देहाय बमोजिम हुनेछ ।**

- उपभोक्ता समिति वा संरक्षण समितिसँग आयोजनाको शुरुवाति चरण देखि छलफल गरी आयोजनाको गुणस्तर कायम राख्न आवश्यक प्रवन्ध मिलाउने ,
- उपभोक्ता समिति वा संरक्षण समितिलाई आयोजनाको दिगोपनाको लागि मर्मत सम्भार कोष स्थापना तथा परिचालनमा सहजीकरण गर्ने ,

- उपभोक्ता वा संरक्षण समितिको क्षमताले मात्र आयोजनाको मर्मत संभार गर्न सक्ने अवस्था नभएमा आवश्यक सहयोग गर्ने
- निर्माण व्यवसायी मार्फत संचालन भएका आयोजना न्युन गुणस्तरको कारणले आँशिक वा पूर्ण रुपमा सञ्चालन हुन नसकेमा आवश्यक प्रवन्ध मिलाउन सहजीकरण गर्ने ,
- आयोजनाको समय समयमा अनुगमन गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक सल्लाह सुझाव दिने
- आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म विमाको लागि सहजीकरण गर्ने ,
- विपद परी आयोजना मर्मत सम्भार गर्नुपर्ने भएमा आयोजना मर्मत सम्भारको लागि आवश्यक सहयोग गर्न सहजीकरण गर्ने ।

(४) **उपभोक्ता समितिको भूमिका देहाय बमोजिम हुनेछ ।**

- आयोजनाको संरक्षण, व्यवस्थापन तथा मर्मत सम्भारको लागि आवश्यक व्यवस्था मिलाउने ,
- आयोजनाको मर्मत सम्भारको लागि पुर्ण जिम्मेवार हुने ,
- मर्मत सम्भार कोष स्थापना तथा परिचालनको लागि आवश्यक व्यवस्था गर्ने ,
- उपभोक्ता समितिको क्षमताले आयोजनाको मर्मत सम्भार गर्न नसक्ने अवस्थामा मात्र आयोजना मर्मत सम्भारको लागि गाउँपालिका तथा वडा कार्यालयवाट सहयोग लिने ,
- आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म पुर्वाधार आयोजनाको विमा गर्ने ,
- मर्मत सम्भार कोषको प्रचलित कानुन अनुसार लेखा परिक्षण गराउने,
- पुर्वाधार आयोजना मर्मत सम्भार कार्यविधिमा भएको प्रावधान अनुसार अन्य कार्य गर्ने ।

**५५. आयोजना मर्मत संभार कोष तथा कार्य सञ्चालन समितिको गठन तथा परिचालन : (१)** पूर्बाधार आयोजनाहरुको अद्यावधिक विवरण तयार गर्न तथा पूर्वाधार आयोजनाहरुको अवस्था विश्लेषण तथा प्राथमिकीकरण गरी मर्मत सम्भार कार्यलाई व्यवस्थित गर्न, गराउन यस गाउँपालिकाले तयार गरी कार्यान्वयनमा ल्याएको स्थानीय पूर्वाधार मर्मत सम्भार कोष तथा कार्य संचालन कार्यविधि २०८१ अनुसार स्थानीय  पूर्वाधार आयोजना मर्मत सम्भार कोष व्यवस्थापन समितिको गठन तथा परिचालन गर्नु पर्नेछ ।

उपदफा (१) बमोजिम स्थानीय पुर्वाधार मर्मत सम्भार कोष तथा कार्य सञ्चालन लाई वढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न उक्त समितिमा देहाय वमोजिमको पदाधिकारीहरु रहनेछन :

१. गाउँपालिकाको अध्यक्ष :- संयोजक

२. गाउँपालिकाको उपाध्यक्षः-  उप संयोजक

३. कार्यपालिकाले तोकेको दलित महिला सहित २ जना सदस्य - सदस्य

४. कार्यपालिकाले  तोकेको महिला सदस्य - सदस्य

५. पुर्वाधार विकास समिति सयोजक- सदस्य

६. योजना अनुगमन शाखा प्रमुख -सदस्य

७. आर्थिक विकास समिति संयोजक -सदस्य

८. सामाजिक विकास समिति संयोजक -सदस्य

९. पुर्वाधार शाखा प्रमुख - सदस्य

१०.  प्रमुख प्रशासकीय अधिकृत -सदस्य-सचिव

**५६. मर्मत सम्भार कोष तथा कार्य सञ्चालन निर्देशिका सम्वन्धि मर्मत सम्भार समितिलाई अभिमुखिकरण** : (१) यसरी गठन गरिएको मर्मत सम्भार समितिका सम्पुर्ण पदाधिकारीहरुलाई मर्मत सम्भार कोष तथा कार्य सञ्चालन निर्देशिकाको प्रभावकारी

कार्यान्वयनको लागि आवश्यक अभिमुखिकरण तथा क्षमता अभिबृद्धि कार्यक्रम समेत संचालन गर्नु पर्दछ । यसरी समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्दा विशेषगरी तपसिलका विषयहरुलाई ध्यानमा राखी अभिमुखिकरण संचालन गर्नुपर्दछ :

(१).पूर्वाधार आयोजनाको योजना तर्जुमाको प्रारम्भिक चरणदेखि नै यस कार्यविधि बमोजिम मर्मत सम्भार सम्वन्धमा सचेतना अभिवृद्दि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ,

(२) मर्मत सम्भार सम्वन्धी सम्झौता पत्रमा उल्लेख भएका प्रावधानहरुलाई सम्वन्धित उपभोक्ता समिति वा संरक्षण समितिहरुलाई अभिमुखीकरण गरी मर्मत सम्भार सम्वन्धी ब्यवस्थाको लागि आवश्यक पहल गर्न उपभोक्ता वा संरक्षण समितिको क्षमतामा अभिवृद्धि सम्वन्धी कार्यक्रम गर्नु पर्नेछ ,

(३) पूर्वाधार आयोजनाको मर्मत सम्भार तथा रेखदेख गर्ने कार्यका लागि आयोजनाको प्रकृति अनुसार उपभोक्ता समितिले आयोजना कार्यान्वयन हुनु पूर्व नै मर्मत सम्भार कार्यकर्ता छनौट गर्नु पर्नेछ ,

(४) छनौट भएका मर्मत सम्भार कार्यकर्ताको क्षमता विकास गर्न सम्वन्धित पूर्वाधार आयोजना सम्पन्न हुनु पूर्व प्रारम्भिक तालिमको ब्यवस्था मिलाउनु पर्नेछ ।

**५७. आयोजना मर्मत सम्भार समितिको काम, कर्तव्य र अधिकार : (१)** यस पालिका द्धार प्रतिपादित **स्थानीय पूर्वाधार मर्मत सम्भार कोष तथा कार्य संचालन कार्यविधि २०८१** अनुसार गठित मर्मत सम्भार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. समितिले गाउँपालिका मातहत रहेका दफा ६ बमोजिम वडा कार्यालयवाट मर्मत सम्भारको लागि पेश भएका पूर्वाधार आयोजनाहरुको विवरण **स्थानीय पूर्वाधार मर्मत सम्भार कोष तथा कार्य संचालन कार्यविधि २०८१** को अनुसूचि १ बमोजिमको ढाँचामा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पहिलो चौमासिक भित्र अद्यावधिक गरी सम्भव भए सम्म भौगोलिक सूचना प्रणालीको प्रयोग गरी स्थान र अवस्था सहित नक्साङ्कन तयार गर्नु/गराउनु पर्ने छ ,

२. पूर्वाधार आयोजनाहरुको विवरण अभिलेखिकरण गर्दा देहायको आधारमा तयार गर्नु पर्नेछ ,

(क) जनश्रमदान र सहयोगी निकायवाट निर्माण भएका आयोजनाहरु,

(ख) कम्तिमा ५ वर्ष देखि चालु आर्थिक वर्ष सम्मका निर्माण कार्य सम्पन्न भएका आयोजनाहरु,

तर ग्रामिण तथा कृषि सडक, पुल तथा भवन, सिंचाई लगायतको पुर्वाधारहरु आयोजनाहरुको हकमा चालू अवस्थाका वा आंशिक मर्मत गर्दा सञ्चालनमा आउन सक्ने अवस्थामा रहेका आयोजना पुरानो भए पनि अभिलेखिकरण गरिने छ ।

३. समितिले गाउँपालिका मातहतका पूर्वाधार आयोजनाहरुको अवस्था विश्लेषण गरी सम्वन्धित विषयगत समितिमा पठाउने. छ । विषयगत समितिले आफ्नो विषयगत क्षेत्र भित्रका योजनाहरुलाई भौगोलिक सूचना प्रणाली मा नक्साङ्कनको लागि आवश्यक प्रवन्ध मिलाउने छ ,

४. कार्यपालिकाले आफ्नो कार्यक्षेत्र अर्न्तगत मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकीकरणको लागि निश्चित मापदण्डहरु निर्धारण गरी त्यस्तो मापदण्डको आधारमा समितिले मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरुको प्राथमिकीकरण गरी विषयगत समितिमा पठाउने छ ,

५.स्थानीय पूर्वाधार मर्मत सम्भार कोष तथा कार्य संचालन निर्देशिका २०८१ बमोजिम समितिवाट पेश भएका पूर्वाधार आयोजनाहरुलाई सम्वन्धित विषयगत समितिले अध्ययन गरी वार्षिक रुपमा मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकता सहितको विवरण कार्यपालिकाको वैठकमा पेश गर्नेछ ,

६. कार्यपालिकाले मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरु छनौट गर्दा सम्वन्धित विषयगत समितिले मर्मत सम्भारको लागि प्राथमिकता सहित पेश गरेका आयोजनाहरुलाई आधार मानी क्रमश: कार्यान्वयन गर्नेछ ।

७. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विपद परी प्राथमिकता सूचिमा रहेको भन्दा अन्य आयोजनाहरुको मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा कार्यपालिकाको निर्णय अनुसार विपद व्यवस्थापन ऐन, २०७४ तथा विपद व्यवस्थापन कोष संचालन कार्यविधीले तोकेको प्रक्रिया अनुसार आयोजनाहरुको मर्मत सम्भार कार्य गर्नु पर्नेछ ,

८. विपदको अवस्थामा वाहेक अन्य अवस्थामा गाउँपालिकाले पूर्वाधार आयोजनाहरुको मर्मत सम्भारको लागि वजेट विनियोजन गर्नुपर्ने भएमा त्यस्ता आयोजनाहरुलाई योजना तर्जुमा प्रक्रियामा समावेश गर्नु पर्नेछ ,

९. निर्माण व्यवसायी मार्फत निर्माण गरिएका पूर्वाधार आयोजनाहरु न्यून गुणस्तरको निर्माणको कारणवाट पूर्ण वा आंशिक रुपमा सञ्चालन अवस्थामा नरहेको भएमा कार्यपालिकाले निश्चित अवधिसम्मको लागि त्यस्ता आयोजनाहरुको मर्मत सम्भार वा पुनः निर्माण कार्य सो आयोजनाको निर्माण गर्ने निर्माण व्यवसायीवाट नै खर्च व्यहोर्ने गरी आवश्यक निर्णय गर्नु पर्नेछ ,

१०. निर्माण व्यवसायी मार्फत निर्माण गरिएका पूर्वाधार आयोजनाहरु न्यून गुणस्तरको कारण वाहेक अन्य कारणवाट पूर्ण वा आंशिक रुपमा सञ्चालन अवस्थामा नरहेको भएमा कार्यपालिकाले त्यस्ता आयोजनाहरुको मर्मत सम्भार वा पुनः निर्माणको लागि आवश्यक अन्य उपयुक्त व्यवस्था गर्नु पर्नेछ ,

११. धेरै पुराना वा जिर्ण अवस्थाका पूर्वाधार आयोजनाहरु मर्मत सम्भार गर्नु पर्ने भएमा पहिलो पटकको लागि मर्मत सम्भार कार्यक्रम अर्न्तगत समावेश गरिने छैन । यस्ता पूर्वाधार आयोजनाहरुको मर्मत सम्भार कार्य नयाँ योजना सञ्चालन कै प्रक्रिया अनुसार हुनेछ ।

**५८. आयोजना मर्मत सम्भार कोष स्थापना, परिचालन तथा भुक्तानी प्रक्रिया :** (१) स्थानीय पूर्वाधार मर्मत सम्भार कोष तथा कार्य संचालन कार्यविधि २०८१ अनुसार आयोजना मर्मत सम्भार कोष स्थापना, परिचालन तथा भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ ।

**५९. मर्मत सम्भार कोषको स्थापना :** (१) गाउँपालिका स्तरवाट सम्पन्न पूर्वाधार आयोजनाहरुको नियमित मर्मत सम्भार गर्नको लागि आवश्यक श्रोतको संकलन तथा परिचालन गर्न गाउँपालिका र उपभोक्ता समिति वा संरक्षण समति स्तरमा गरी दुईवटा छुट्टाछुट्टै मर्मत सम्भार कोष रहनेछन् ,

(२) स्थानीय पूर्वाधार मर्मत सम्भार कोष तथा कार्य संचालन कार्यविधि २०८१ को उपदफा (१) बमोजिम गाउँपालिका स्तरको कोषमा रहने रकमको संकलन तथा सो रकमको परिचालनका लागि गाउँपालिकाले स्थानीय संचित कोषको खाता रहेको वैंक वा वित्तीय संस्थामा एक छुट्टै खाता खोली राख्नु पर्नेछ ,

(३) कोषको प्रयोग तथा सञ्चालन स्थानीय पूर्वाधार मर्मत सम्भार कोष तथा कार्य संचालन कार्यविधि २०८१ ले तोके बमोजिम हुनेछ ।

# परिच्छेद - १५

# खर्चमा बन्देज

**६०. आयोजना अन्तरगत खर्च गर्न बन्देज गरिएको क्रियाकलापहरुः (१)** स्थानीय पुर्वाधार विकास आयोजनाका लागि विनियोजित वजेटको प्रभावकारी कार्यान्वयन तथा सदुपयोगकालागि सम्वन्धित पुर्वाधार विकासका शिर्षक वाहेकका शिर्षकहरुमा खर्च गर्न पाईनेछैन । ,

एपदफा (१) बमोजिम यस कार्यविधीमा अन्यत्र जुनसुकै कुर लेखिएको भए तापनि देहायको प्रयोजनको लागि कोषको रकम प्रयोग गर्न पाईने छैन :

१. नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न ,

२. कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रुपमा तलव, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन ।

३. कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन ,

४. कुनै किसिमको गोष्ठी, अर्न्तक्रिया वा सेमिनारमा भाग लिन वा संचालन गर्न तर पूर्वाधार आयोजना सम्वन्धि सीपअभिवृद्धि सम्वन्धी तालिममा सहभागी हुन लाग्ने खर्चको लागि यस बुँदाले वाधा पार्ने छैन ।

# परिच्छेद-१६
# विविध

**६१. लैङ्गिक समानता, समावेशीता र लाभग्राही प्रतिको जवाफदेहिता :** (१) नेपालको संविधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगर्ने प्रतिवद्धतासहित नागरिकलाई समानताको हकको प्रत्याभूति गरेको छ । यसैगरी नेपाल महिला, बालबालिका, अपाङ्गता भएको व्यक्तिको अधिकार लगायतका अन्तर्राष्ट्रिय अभिसन्धिहरूको पक्ष राष्ट्र भएकाले लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई कानूनी रूपमा स्वीकार गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत व्यक्त गरेको छ। सोहि सन्दर्भमा संविधानको मर्मलाई ध्यानमा रख्दै स्थानीय पूर्वाधार विकासमा महिला र पुरुष दुवैको मुख्य जिम्मेवारी हुने हुँदा स्थानीय पूर्वाधार योजनाहरुको तर्जुमा, कार्यान्वयन र सञ्चालनमा लैङ्गिक समानता तथा महिला, पुरुष लगायत उपेक्षित वर्गहरुको अर्थपुर्ण संलग्नता तथा संरक्षणमा विशेष ध्यान दिईनेछ । प्रथमतः आयोजनामा महिला सहभागिता बढाउने र आयोजनाको विकासमा महिलावर्गको हितलाई प्रतिविम्बित गर्ने गरी लैङ्गिक समानताको सिद्धान्तलाई अंगिकार गरिनेछ। लैङ्गिक समानता र समावेशीताको लागि निम्न कार्यनीति अवलम्वन गरिनेछ।

- आयोजनामा महिला, पुरुष र सामाजिक रुपमा उपेक्षित बर्गबाट हुनसक्ने श्रमको किसिम, परिणाम, साधन र फाइदामा पहुँच सम्वन्धी विश्लेषण गर्ने ,
- आयोजना तर्जुमा र कार्यान्वयनमा महिला, पुरुष र सामाजिक रुपमा उपेक्षित बर्गको सहभागिता र संलग्नता बढाउने
- महिला, पुरुष र सामाजिक रुपमा उपेक्षित बर्गको सहभागिता अभिबृद्धि गरी आयोजनाबाट हुने फाईदाको बारेमा जनचेतना बढाउने प्रशिक्षण दिने, सुचनामा पहुँच बढाउने र सामाजिक समझदारी बढाउने खालका कार्यक्रम सञ्चालन गर्ने ,
- लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागू गर्ने ,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा महिला तथा अन्य उपेक्षित वर्ग तथा समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ,
- समावेशी तथा सहभागितात्मक योजना तर्जुमा, बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रियाहरू सुनिश्चित गर्ने ।

(२) त्यसैगरी लाभग्राही प्रतिको जवाफ देहितालाई प्रभावकारी वनाउदै सुशासन प्रवर्द्धनका लागि सुशासन प्रवर्दन रणनिति तथा कार्ययोजना २०७४ ले निर्दिष्ट गरे अनुसार जवाफ देहिता प्रवर्द्धनका लागि देहाय बमोजिमका कार्य गर्नु पर्दछ ।

- नागरिक वडापत्रको व्यवस्था गर्ने जस्तै : फ्लेक्स, योजना सुचना वोर्ड, डिजिटल डिस्प्ले, मोवाईल एप्स आदि लाई स्थानीय र सरल भाषामा तयार गर्ने र कार्य स्थलमा नागरिकको पहुँच सहजहुने स्थानमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र राख्ने व्यवस्था गर्ने ,
- गुनासो सुनुवाई तथा कार्यान्वयन प्रक्रियालाई प्रभावकारी वनाउने । जसका लागि सुझाव पेटिका तथा टोल फ्रि नम्वरको समेत व्यवस्था गरी समुदायलाई सो सम्वन्धि जानकारी दिने ,
- स्थानीय तहमा जनउत्तरदायित्व वृद्धि गरी सदाचार र स्वअनुशासनमा अभिवृद्धि गर्न सघाउ पुग्ने क्रियाकलाप सञ्चालन गर्ने, गर्न लगाउने । त्यसैगरी सुशासन प्रवर्द्धन समितिको व्यवस्था समेत गरी त्यस्तो समितिले तत्सम्वन्धि कार्य व्यवस्थित गर्ने ,
- पालिकाले सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण निर्माण गरी कार्यान्वयन गर्ने ।

- सार्वजनिक सुनुवाईमा लक्षित र सम्वन्धित वर्गको अनिवार्य प्रतिनिधित्व र जिम्मेवार जवाफदेहि पदाधिकारी तथा जनप्रतिनिधिको अनिवार्य व्यवस्था गर्ने ।

# अनुसूचीहरुः

## अनुसुची १ निर्देशिकाको दफा २१ संग सम्बन्धित

### घरधुरी लेखाजोखा तथा प्राथमिकिकरण फारम

| गाउँपालिक: | | | | | | | | वडा नं.: | | | | | | | | | | टोल: | | | | | | | | | | जम्मा घरधुरी: | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | घरमुली को नाम (हालको) | लिङ्ग | यदि घरमुली महिला भएमा (एकल/विधुवा/सम्वन्ध विच्छेद खुलाउने) | जात जाती (सरकारी वर्गि करण अनुसार) | परिवार सदस्य संख्या | | | १६ बर्ष मुनिका बालबालिका का संख्या | | | ६० बर्ष माथिका जेष्ठ नागरिक संख्या | | | गर्भवती, सुत्केरी महिला, अपांगता भएका, गम्भिर खालका रोगग्रस्त संख्या | | | | पारिवारिक आयको श्रोत | | | | | | | | | पारिवारिक आय तथा उत्पादनले बर्षभरि खाना तथा अन्य आधारभुत आवश्यकता पुरा गर्न प्रर्याप्ता (छ/छैन) | पारिवारिक आय तथा उत्पादनले खान पुग्ने महिना | जग्गाको स्वामित्व (रोपनीमा) | | | जलवायू जन्य प्रकोप जोखिम को सम्भावना (छ/छैन), छ भने कस्तो जोखिम हो, खुलाउने | खाद्य सुरक्षाका दृष्टिकोणले घरधुरीको संकटासन्नता/विपन्नता बर्गिकरण<br>१. अति जोखिमपूर्ण<br>२. मध्यम् जोखिमपूर्ण<br>३. आंशिक जोखिमपुर्ण<br>४. तुलनात्मक रुपमा सुरक्षित |
| | | | | | महिला | पुरुष | जम्मा | छोरी | छोरा | जम्मा | महिला | पुरुष | जम्मा | गर्भवती | सुत्केरी (६ महिना सम्म) | अपांगता भएका (क देखी घ कुन वर्ग | गम्भिर खाले रोग ग्रस्त | सरकारी जागिर | अन्य जागिर | व्यापार/व्यवसाय | कृषि तथा पशुपालन | जडिबुटी संकलन | वैदेशिक रोजगार (भारत) | वैदेशिक रोजगार (अन्य मुलुक) | दैनिक ज्याला/मजदुरी | अन्य | | | आफ्नो जग्गा (खेत) | आफ्नो जग्गा (पाखोबारी) | अधिया | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

अनुसुची २ निर्देशिकाको दफा २२ संग सम्बन्धित

**कामदार परिचय-पत्रको नमूना**

<table>
<tr>
<td>

**जानकारीः**

- कामदार पत्र भएका घरधुरीका सदस्यहरुले मात्र स्थानीय पूर्वाधार विकास आयोजनाको कार्यमा सहभागी हुन पाउनेछन् ।
- कामदार परिचय पत्रमा उल्लेख भएको घरपरिवारबाट १ सदस्य मात्र कुनै दिनको काममा सहभागी हुन पाउनेछन् ।
- उपभोक्ता समितिबाट निर्माण हुने स्थानीय पूर्वाधार विकास आयोजनाको निर्माण कार्यहरु मेसिनको प्रयोगबाट नभई श्रमको प्रयोगबाट मात्र हुनेछन् ।
- समान प्रकारको कार्यका लागि महिला तथा पुरुषको ज्याला समान हुनेछ ।
- ज्यालाको भुक्तानी कामको परिमाणका आधारमा नाप जाँच गरि हुनेछ ।
- हरेक कामदारले आफ्नो पायक पर्ने नजिकको बैंकमा खाता खोली सो को जानकारी गाउँपालिका पूर्वाधार शाखालाई दिनु पर्नेछ ।
- कामदारको ज्याला रकम भुक्तानी बैंक मार्फत हुनेछ ।
- यो कामदार पत्र

</td>
<td>

कामदार परिचय-पत्र नम्वरः

**कालिगण्डकी गाउँपालिका.**

**स्थानीय पूर्वाधार विकास आयोजना संचालन निर्देशिका, २०८० अन्तरगत वितरण**

**कामदार परिचय-पत्र**

*कामदारको पासपोर्ट साईजको*

..........................

प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर तथा कार्यालयको छाप

यो कार्ड हराएमा वा नासिएमा कामदार वा निजको परिवारका सदस्यले तुरुन्त गाउँपालिका पूर्वाधार विकास शाखामा जानकारी दिनुपर्नेछ ।

</td>
</tr>
</table>

कामदार परिचय पत्र नम्वरः

| कामदार परिचय पत्रको अवधि<br>......................देखि.........................सम्म | |
|---|---|
| घरधुरी प्रनिनिधिको नामः | |
| बुबा/आमाको नामः | |
| नागरिकता प्रमाण/मतदाता परिचय पत्र/गरिव घरधुरी प्राथमिकिकरण परिचय पत्र नंः | |
| जन्म मितिः | |
| लिङ्गः | |
| ठेगानाः | |
| पालिकाः | |
| वडा नम्वरः | |

**कामका लागि योग्य घरधुरी सदस्यहरुको विवरण**

| क्र.सं. | नम | लिङ्गः म./पु. | जन्म मिति (वर्षरमहिनारदिन) | नागरिकता प्रमाण/मतदाता परिचय पत्र/गरिव घरधुरी |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

**साप्ताहिक हाजिरी रेकर्डः(**

| जम्मा हाजिरी दिन | सुपरभाईजरको हस्ताक्षर |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

**निर्माण कार्यक्षेत्रमा लागू हुने नियमहरुः(**

- प्रत्येक दिन अनिवार्यरुपमा ८ घण्टा काम गर्नुपर्नेछ ।
- कामको हाजिरी दिनको १ पटक काममा आएपछि लिईनेछ । साथै, हाजिरी गर्ने बेलामा कामदारले कामदार-पत्र अनिवार्यरुपमा देखाउनु पर्नेछ । सो पत्र नदेखाएमा काममा सहभागी गराईने छैन ।
- निर्माण कार्यक्षेत्रमा जाँड रक्सि, चुरोट खैनी खान पूर्ण रुपमा निषेध छ ।
- औजारलाई राम्रोसंग सुरक्षित प्रयोग गर्नुपर्नेछ । साथै उक्त औजारलाई प्रत्येक दिन काम सकेपछि सम्वन्धित समूह नेतालाई बुझाउनुपर्नेछ । कुनै सामान हराएमा वा नासिएमा समुहको नेता जिम्मेवार हुनुपर्नेछ ।
- आयोजनाको गुणस्तर कायम राख्न गाउँपालिका

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मिति सम्म (सालरमहिनारदिन) | | | | | | | |
| | मिति देखि (साल रमहिना र दिन) | | | | | | | |

अनुसुची ३ निर्देशिकाको दफा ४२ संग सम्बन्धित

## उपभोक्ता समिति र गाउँपालिका बिचको सम्झौता-पत्र

### आयोजना सम्झौता फाराम

कालिगण्डकी गाउपालिका गाउँपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र उपभोक्ता वा आयोजना कार्यान्वयन समिति (यसपछि दोस्रो पक्ष भनिने) का बीच देहाय बमोजिमको शर्त पालना गर्नेगरी यो संझौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं, दियौ ।

**१. सम्झौता गर्ने पक्ष र आयोजना**

क. आयोजना कार्यान्वयन समितिको तर्फबाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधि

१. नाम :

२. पद :

३. ठेगाना :

ख. आयोजनाको विवरण :

१. नाम :

२. ठेगाना :

३. उद्देश्य :

४. आयोजना स्वीकृत गर्ने निकाय :

५. आयोजना शुरु मिति :

६. आयोजना सम्पन्न हुने मिति :

**२. आयोजनाको लागत सम्बन्धी विवरण**

क. लागत अनुमान रु.

ख. लागत व्यहोर्ने श्रोतहरु

१. गाउँपालिका, गाउँपालिकाबाट : रु. .............

२. समुदायमा आधारित संस्थाबाट : रु. ०.००

३. बिदेशी दातृ संघ संस्थाहरुबाट : रु. .............

४. आयोजना कार्यान्वयन समितिबाट : रु. ०.००

५. गैर सरकारी संघ संस्थाबाट : रु. ०.००

६. अन्यबाट : रु. ०.००

ग. निर्माण सामाग्रीको विवरण

१. जम्मा :

२. सामाग्रीको नाम र परिमाण :

४. स्रोत

१. गाउँपालिकाबाट :

२. गैर सरकारी संघ संस्थाबाट :

४. सामुदायिक संस्थाबाट :

४. विदेशी दातृ संघ संस्थाबाट :

५. आयोजना कार्यान्वयन समितिबाट :

६. अन्यबाट :

घ. आयोजनाबाट लाभान्वित हुने

१. घरपरिवार संख्या :

२. जनसंख्या :

३. समुदाय :

४. दलितः

५. अन्य :

**३. उपभोक्ता वा आयोजना कार्यान्वयन समिति सम्बन्धी विवरण**

क. गठन भएको मिति :

ख. पदाधिकारीको नाम र ठेगाना :

| क्र.सं. | पद | नाम, थर | ठेगाना | नागरिकता नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | सचिव | | | | |
| ३ | कोषाध्यक्ष | | | | |
| ४ | सदस्य | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | | | | | |

ग. आयोजना स्थलका लाभान्वित जनसंख्या :

घ. गठन गर्दा उपस्थित लाभान्वितको संख्या :

**४. आयोजना संचालन सम्बन्धी अनुभव :**

**५. आयोजनाको मर्मत सम्भारका लागि व्यहोर्ने व्यवस्था (मासिक, चौमासिक, वार्षिक)**

क. मर्मत संभारको जिम्मा लिने समितिको नाम : हालको उपभोक्ता समिति निर्माण पश्चात मर्मत संभार समितिको रुपमा रहनेछ ।

ख. जन-श्रमदान (श्रम शक्ति संख्या) :

ग. सेवा- शुल्कबाट : रु. :

घ. दस्तुर, चन्दाबाट : रु. ..........................

ङ लागत सहभागिता वा अनुदानबाट : रु. ..........................

च. ब्याज वा अन्य बचत : रु. ..........................

**६. अन्य प्राविधिक र व्यवस्थापन सम्बन्धी विवरण**

क. निर्माण समूह बनाई कामको परिमाण दिईएको,

ख. वडा कार्यालयबाट दैनिक रेर्कड व्यवस्थापन, कार्य संचालन तथा रेखदेखका लागि प्राबिधिक कर्मचारीको व्यवस्था भएको,

ग. समय समयमा गाउँपालिका तथा वडा कार्यालयबाट प्राविधिक तथा अन्य प्रशासनिक कर्मचारी गएर अनुगमन तथा सुपरिवेक्षणगर्ने प्र्रवन्ध भएको,

घ. प्राथमिक उपचार, कामदारको विमा, सुरक्षण सामाग्री तथा हाते औजारहरुको व्यवस्थापन भएको,

ङ. कामदारहरुलाई कामको तथा कार्यक्रमको बारेमा विस्तृतमा जानकारी तथा अभिमुखिकरण भएको,

च. निर्माण कार्यको विचमा तथा कार्य सम्पन्न भए पश्चात कार्यको समिक्षा तथा सार्वजनिक परिक्षण गर्ने व्यवस्था गरिएको, र

छ. आयोजनाको सूचना पाटीको व्यवस्था भएको ।

**७. सम्झौताका शर्तहरु**

१. आयोजनाको लागि व्यवस्था भएको रकम तथा निर्माण सामाग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउने छौं ।

२. आयोजना सम्पन्न भएपछि गाउँपालिकाबाट जाँचपास गरी फरफारक लिनेछौं ।

३. आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी स्थानीय लाभान्बित समुदायलाई गराई आयोजना कार्यान्वयन उपभोक्ता समितिको बैठकमा छलफल निर्णय गरी अर्को किस्ता माग गर्नेछौं ।

४. योजनाको काम समयमा नगरेमा वा गुणस्तरीय ढंगले नगरी कुनै हानी नोक्सानी भएमा सो को पूर्ण जिम्मेवारी उपभोक्ता समितिले लिनेछ र सो हानी नोक्सानी र क्षतिपूर्ति तिर्न/बुझाउन यस समिति सहमत छ ।

५. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा योजनाको प्रगति विवरण अभिलेख आदि उपभोक्ता समितिले तयार गरी राख्नेछौं ।

६. आयोजनाको कूल लागत भन्दा घटी लागतमा योजना सम्पन्न भएको अबस्थामा सो मुताबिक नै गाउँपालिका वा गाउँपालिकाको नगद अनुदान र लागत सहभागिता एवं श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन/दिन सहमत छौं ।

७. आयोजना संचालन गर्ने यस उपभोक्ता समितिले योजनाको मर्मत संभारको पनि ब्यबस्था गर्ने छ ।

८. आयोजनाको सबै काम उपभोक्ता समिति तथा कामदार समुहको निर्णयानुसार गर्ने गराउने छौं ।

९. यो आयोजना मिति देखि शुरु गरी मिति गते सम्म गराउने छौं ।

१०. आयोजनाको चौमासिक र बार्षिक भौतिक तथा बित्तिय खर्चको विवरण गाउँपालिका समक्ष समयमै पठाउने छौं ।

११. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना आफैले कार्यान्वियन नगरी ठेकदार मार्फत कार्यान्वियन गरेमा कानून बमोजिम कारबाही भोग्न र गाउँपालिकाले योजना सम्झौता रद्ध गरेमा वा योजनाको कार्यको भुक्तानी नदिएमा यस उपभोक्ता समितिले कुनै प्रकारको दाबी गर्ने छैन ।

१२. यो आयोजना सम्झौतामा तोकेको अवधि भित्र पूर्ण रुपमा सम्पन्न गर्नेछौं ।

१३. अन्य शर्तहरु

क. मापदण्ड अनुसारको बाह्य निर्माण सामग्रिहरु गाउँपालिकाबाट उपलब्ध हुनेमा सहमत छौ उपलब्ध सबै सामग्रिहरु गुणस्तरीय हुनुपर्नेछ ।

ख. हाते औजार तथा सुरक्षाका सामग्रिहरु गाउँपालिकाबाट उपलब्ध हुने छ । यी सामागीहरु काम सम्पन्न भए पश्चात गाउँपालिकालाई फिर्ता गरिसकेपछि मात्र अन्तिम भुक्तानी हुनेमा सहमत छौ ।

ग. योजना खातामा रहेका प्रावधानहरुलाई सम्पूर्णमा कार्यन्वयनमा ल्याई दुरुस्त राख्नेछौ ।

१४. अन्य गाउँपालिका र समितिबीच आपसी सहमतिमा राख्ने

*नोटः माथि उल्लेखित सम्पूर्ण शर्त तथा प्रावधानहरु कार्यान्वियन गर्न गराउन हामी मन्जुर छौं ।*

| **गाउँपालिकाको तर्फबाट** | **उपभोक्ता समितिको तर्फबाट** |
|---|---|
| दस्तखत :- | दस्तखत :- |
| मिति :- | मिति :- |
| नाम :- | नाम :- |
| पद :- प्रमुख प्रशासकीय अधिकृत | पद :- |

अनुसुची ४ निर्देशिकाको दफा ४३ संग सम्बन्धित

**कालिगण्डकी गाँउपालिका गाउँपालिकाको कार्यालय**

**वडा नं.....मा गठन भएको.....................आयोजना उपभोक्ता समिति/ठेक्का मार्फत संचालित**

## आयोजना सुचना पाटी

## (नमुना)

**आयोजनाको विवरण :**

१. आयोजनाको नाम :.............................................  २. आयोजना स्थल : ........................

३. आयोजना शुरु मिति : .....................  ४. आयोजना सम्पन्न हुने मिति :............

४. आयोजना निर्माण मार्फत रोजगारी प्राप्त गर्ने जम्मा घरधुरी : ............. (क) महिला : ...... (ख) पुरुष : ......

(दलित :........, क्षेत्री/वाह्मण :.........., जनजाति :........., मुस्लिम :........, अन्य :..........)

५. आयोजनाबाट लाभान्वित जनसंख्या : ................ (क) महिला : ...... (ख) पुरुष : ......

(दलित :........, क्षेत्री/वाह्मण :.........., जनजाति :........., मुस्लिम :........, अन्य :..........)

**बजेटको श्रोत**

गाँउ/गाउँपालिका बाट व्यहोर्ने रकमः रु.................... स्थानीय पूर्वाधार सहयोग कार्यक्रम बाट व्यहोर्ने रकमः .रु................................

स्थानीय जनसहभागिताबाट व्यहोर्ने रकमः रु ................. अन्यः रु.................................................

जम्मा अनुमानित रकम/लागतः रु.............................

**अनुमानित खर्च विवरण**

| क.स. | विवरण | इकाई | दर | परिमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | सिमेन्ट | के.जी | | | |
| २ | रड | के.जी | | | |
| ३ | बालुवा | घन मि. | | | |
| ४ | गिट्टी | घन मि. | | | |
| ५ | ढुंगा | घन मि. | | | |
| ६ | दक्ष कामदार | कार्यदिन | | | |
| ७ | अदक्ष कामदार | कार्यदिन | | | |
| ८ | सुरक्षा सामाग्री तथा हाते औजार | रु. | | | |
| ९ | उपभोक्ता समिति व्यवस्थापन खर्च | रु. | | | |

**कामको विवरण र भौतिक परिमाण :**

(क) ढुंगाको पर्खालः................................., (ख) मेशनरी वा सिमेन्ट पर्खालः .................................. ,

(ग) ग्याविन कामः ........................., (घ) आर.सि.सी. कामः ...................................... ,

(ङ) माटो खन्ने/पुर्ने कामः ........................., (च) अन्य कामः .................................,

**उपभोक्ता समितिको विवरणः**

१. उपभोक्ता समितिको नाम : ...................................................., जम्मा संख्याः ........., महिलाः .........., पुरुष : ..........

३. उपभोक्ता समितिको अध्यक्ष (नाम, थर, सर्म्पक नं.) ........................................

**आयोजना सञ्चालनार्थ आर्थिक सहायता प्रदायक निकाय :**

**आयोजना सञ्चालनार्थ प्राविधिक सहायता प्रदायक निकाय :**

**यस आयोजनाको कार्यान्व्यनका क्रममा जो कसैले कुनै पनि प्रकारको असामान्य व्यवहार गरेमा, अनैतिक अथवा गैह्रजिम्मेवारपूर्ण कार्य गरेको पाईएमा, दुरुपयोग, ठगी अथवा जालसाजी गरेको भेटिएमा तथा गाउँपालिका/गाउँपालिकाको स्थानीय पूर्वाधार एवं अन्य सेवा सम्वन्धि कुनै गुनासो तथा सुझाब भएमा तिनको उचित व्यवस्थापन र सुनुवाईका लागि तल दिइएको फोन नं मा तुरुन्त सम्पर्क गर्न सकिने छ।**

**सम्पर्क नम्बर/निशुल्क टोल फ्री नं. .......................**
**ईमेल : ...................**

अनुसुची ५ निर्देशिकाको दफा ८ संग सम्बन्धित

आयोजना कार्यान्यन गर्ने ढाँचा छनौट गर्ने बिधि

| **क.स.** | **छनौटको मापदण्ड** | **कार्यान्वयन बिधि** | | |
|---|---|---|---|---|
| | | **ठेक्का** | **उस** | **ठेक्का र उस** |
| १ | कुल लागत अनुमानानुसार मेशिन औजारको लागत २० प्रतिशत भन्दा बढी भएको | | | |
| २ | कुल लागत अनुमानानुसार मेशिन औजारको लागत २० प्रतिशत भन्दा कम भएको तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिएको | | | |
| ३ | कुल लागत अनुमानानुसार श्रमिकको लागत भार ५० प्रतिशत भन्दा कम भएको | | | |
| ४ | पाँच करोड सम्मको लागत अनुमान भएको देहाय बमोजिमको निमार्ण कार्य लाभग्राही समुदायबीच प्रतिस्पर्धा गराएको :<br>(क) जटिल प्राविधिक क्षमता आवश्यक नपर्ने<br>(ख) लाभग्राही समुदायबाट गर्दा मितव्ययिता, गुणस्तरियता र दीगोपन अभिबृद्दि हुने<br>(ग) स्थानीय श्रोत, साधन र सीप उपयोग गरी स्थानीय स्तरमा कार्यसम्पादन हुने<br>(घ) निमार्ण कार्यको मुख्य उद्देश्य स्थानीय तहमा नै रोजगारीको अवसर सिर्जना गर्ने र त्यस्तो निमार्ण कार्यबाट लाभ प्राप्त गर्ने समुदायलाई सहभागी गराउन सकिने<br>(ङ) निर्माण पश्चातको आयोजनाको मर्मत सम्भार तथा संचालन लाभग्राही समुदायबाट हुन सक्ने | | | |
| ५ | क.स. १,३ र ४ संग मिल्ने आयोजना तथा एक आपसमा अन्तरसम्बन्धित नभएका कार्य जस्तै , हेभी मेसिन, उच्च प्रबिधिको प्रयोग तथा मेसिनरी औजारको जडान ठेक्काबाट एंव स्थानीय श्रोत, साधन र सीप उपयोग गरी स्थानीय स्तरमा कार्यसम्पादन हुने उस बाट | | | |

**आज्ञाले**
नरेश गिरी
प्रमुख प्रशासकीय अधिकृत